# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार २२ गते २०३५ साल

श्री ५ को सरकार
अर्थ मन्त्रालयको
### सूचना

माननीय अर्थमन्त्री श्री भेषबहादुर थापाले २०३५ साल आषाढ २२ गते रोज ५ का दिन दिनुभएको आर्थिक वर्ष २०३५।३६ को बजेट वक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

अध्यक्ष महोदय,

१. पाँचौं पटक नेपाल अधिराज्यको आय-व्ययको विवरण सदनमा प्रस्तुत गर्न यहाँ उभिंदा विगत वर्षका बजेटहरू र विभिन्न अधिवेशनमा तत्सम्बन्धमा भएका छलफलहरूको सम्झना आउँछ । पटक पटक माननीय सदस्यहरूले यस सदनमा व्यक्त गर्नु भएका भावनाहरू र हाम्रो राजनैतिक एवं प्रशासकीय परिपाटीअनुरूप अरू माध्यमहरूद्वारा प्राप्त हुने सुझावहरूबाट लाभान्वित भई श्री ५ को सरकारको आर्थिक नीति र बजेटलाई विकास पथमा निर्देशित गर्न गरेको प्रयत्नबाट केही सन्तोषको पनि अनुभव हुन्छ । तथापि हाम्रा कतिपय सफलताहरूको बावजूद देशका बहुसंख्यक जनताले अझै सामना गर्न परिरहेको गरीबीको मूलभूत समस्याहरूतर्फ ध्यान केन्द्रित गर्दा भने हाम्रा निर्धारित नीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि हामी सबैको अझ बढी लगनशीलता र साहसको आवश्यकताको पनि महसूस हुन्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. विहङ्गम दृष्टिबाट हेर्दा राष्ट्रको अर्थव्यवस्था सन्तुलित ढङ्गबाट प्रगतिको बाटोमा क्रमशः लम्कँदै छ। तर यसको मतलब आर्थिक छेत्रको सबै पक्षहरू उत्तिकै सुदृढ छन् भन्ने होइन। वास्तवमा विकासोन्मुख मुलुकको अर्थव्यवस्था लगातार चुनौतिको सामना गर्नुपर्ने अवस्थाबाट गुज्रिरहेको हुन्छ। विकासको अभियान प्रगतिको लागि एक निरन्तर संघर्ष हो। कठिन भौगोलिक बनौट, भूपरिवेष्ठित्, विकासोन्मुख र त्यसमा पनि कम विकसितमध्येको हाम्रो राष्ट्रको विकासको समस्याहरू वास्तवमा यति जटिल छन् कि हामीले चाहेको भविष्यको नेपालको वृहत् परिकल्पना र त्यसले निर्दिष्ट गर्ने मार्गको सही अवलम्बन आज अपरिहार्य छ। आर्थिक विकासको जुन चरणमा आज हामी छौं त्यसको परिपेक्षमा विचार गर्दा हाम्रा सबै समस्याहरूको समाधानको लागि ला[illegible] समय लाग्ने कुरा स्पष्ट छ। आर्थिक विकासको यस निरन्तर प्रयासमा देखापर्ने समस्याहरूलाई जेलिन नदिई हामीले निर्धारण गरेको प्राथमिकताअनुरूप आर्थिक दृष्टिकोणबाट सबैभन्दा पछाडि परेका जनसमूहको न्यूनतम आवश्यकताहरू पूर्ति गर्ने कार्यमा नै हाम्रो प्रयास सर्वप्रथम केन्द्रित हुनु परेको छ। आज हामीले लिने प्रत्येक निर्णयले हाम्रो भावी सन्ततिको भाग्य निर्माण गर्दछ– जसरी हिजोका निर्णयहरूले हामीलाई र हाम्रा विकल्पहरूलाई आवद्ध गरेको आज हामी पाउँदछौं।

३. यस आर्थिक वर्षको हाम्रो अर्थ व्यवस्थाको विभिन्न पक्षहरूमा भएका गतिविधिहरू र विकास कार्यहरूको विस्तृत सर्वेक्षण मैले सदनमा पेश गरेकै छु। त्यसबाट हामीले यस वर्ष हासिल गर्न सकेका उपलब्धीहरू तथा हाम्रा सामु विद्यमान समस्याहरूको बोध यस सदनलाई भएकै छ।

४. उपलब्धीहरू हेर्ने हो भने हामीले सन्तोष लिन सक्ने ठाउँहरू नभएका होइनन्। पाँचौं योजनाको तेस्रो वर्ष समाप्त गरी चौथो वर्षको कार्यक्रम कार्यान्वयनको लागि बजेट प्रस्तुत गर्न लागेको यस अवसरमा चालू योजनाको हालसम्मको प्रगति हेर्दा लगानीको दृष्टिकोणबाट हामी लक्ष्य पूरा गर्न सक्ने अवस्थामा छौं। चालू पाँचौं योजनामा सरकारी क्षेत्रमा योजना अवधिभित्र आर्थिक वर्ष २०३०।३१ को स्थिर मूल्यमा न्यूनतम कार्यक्रमको लागि रू. ६१७ करोड र अधिकतम कार्यक्रमको लागि करीब रू. ७५५ करोड लगानी गर्न पर्ने लक्ष्य रहेकोमा चालू आर्थिक वर्षसम्म[illegible] स्थिर मूल्यमै रू. ४३८ करोड खर्च भै सकेको छ। आगामी वर्षको लागि हाल प्रस्ताव गर्न लागेको विकासबजेटको स्तरलाई दृष्टिगत गर्दा पाँचौं योजनाको अन्तिम वर्षमा अधिकतम कार्यक्रमको लागि सरकारी लगानी पुन्याउन प्रचलित मूल्यमा पनि करीब रू. १५० करोडको बजेट भए पुग्ने देखिन्छ जुन सहजै पुग्न सक्नेछ। यसरी पाँचौं योजनामा साधनको अभावले न्यूनतम कार्यक्रमको कार्यान्वयनमा नै श्री ५ को सरकारको लगानी सीमित रहला कि भन्ने शुरूमा जुन आशंका थियो त्यसको विपरित अधिकतम कार्यक्रमकै लागि साधन जुट्न र उपयोग हुनु सन्तोषको कुरा हो। यस किसिमबाट लगानीतर्फ लक्ष्यअनुसार साधन जुटाउने सफलताको निमित्त आवश्यकताअनुसार करको भार वहन गर्दै जाने देशवासीहरू अवश्य पनि बधाईका पात्र छन्। साथै मित्रराष्ट्रहरू र अन्तर्राष्ट्रिय संघ संस्थाबाट नेपालले पाई आएको सहयोग र श्री ५ को सरकारको कार्य क्षमतामा देखा पर्दै आएको सुधारको पनि त्यसमा महत्वपूर्ण भूमिका छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. श्री ५ को सरकारले यसरी राजश्व परिचालनबाट एकातिर सरकारी क्षेत्रको लगानी-लाई बृद्धि गर्दै लगेको छ भने अर्को तिर निजी क्षेत्रको वचत परिचालन गरी वित्तीय संस्थानहरूको माध्यमबाट निजी क्षेत्रको विकासको लागि ऋण सुविधा उपलब्ध गराउँदै आएको छ। हाल निजी क्षेत्रमा भएको लगानीको तथ्याङ्कको अभावमा के कति कूल लगानी यस क्षेत्रमा भयो भन्न कठिन छ तथापि कृषि विकास बैंक, नेपाल औद्योगिक विकास कर्पोरेशन र वाणिज्य बैंकहरूबाट उपलब्ध गराइएको बढ्दो ऋण रकमले कृषि र उद्योगका विकासमा यस क्षेत्रको लगानी बढ्दै गएको अनुमान सहजै गर्न सकिन्छ। कृषि विकास बैंकको लगानी आर्थिक वर्ष २०३२।३३ मा जम्मा रू. २२ करोड [illegible] लाख भएकोमा २०३४ फाल्गुणसम्ममा रू. १२ करोड ३१ लाखले बढी रू. ३४ करोड ५० लाख पुगेको छ। यस्तै गरी सोही अवधिभित्र नेपाल औद्योगिक विकास कर्पोरेशनको जम्मा लगानी रू. ५ करोड ७६ लाखले बृद्धि भई रू. २१ करोड ५ लाख पुग्न गएको छ। वाणिज्य बैंकहरूबाट कृषितर्फ भएको ऋण लगानी २०३३ फाल्गुणको अनुपातमा २०३४ फाल्गुणमा रू. २ करोड ६२ लाखले बृद्धि भई रू. ४ करोड ४३ लाख पुगेको छ। यस्तै गरी उद्योगतर्फको लगानी पनि रू. ८ करोड ६१ लाखले बृद्धि भई रू. १५ करोड ७ लाख पुगेको छ। यस अलावा स-साना क्षेत्रहरूमा वाणिज्य बैंकहरूले कूल निक्षेप दायित्वको ७ प्रतिशत अनिवार्य रूपमा लगानी गर्ने व्यवस्थाअनुसार यस क्षेत्रमा हुने कृषि तथा औद्योगिक लगानीमा पनि उल्लेखनीय रूपले बृद्धि हुँदै गएको छ।

६. साधन परिचालन र लगानीतर्फ यसरी प्रगति हुँदा हुँदै पनि योजनामा निर्धारित भौतिक लक्ष्यहरूको उपलब्धीहरूमा पछाडि पर्नु भने एक चिन्ताको विषय हो। शिक्षा, स्वास्थ्य जस्तो सामाजिक क्षेत्र लगायत बाटो घाटो निर्माणतर्फ प्रगति निकै भएको छ। त्यस्तै केही वर्ष अघिसम्म श्री ५ को सरकारको राम्रो दृष्टिसम्म नपर्ने पिछडिएको कतिपय स्थानहरूमा पनि आज विकासको लहर शुरू हुन थालेको छ। तथापि अन्तत्वगत्वा सबैभन्दा महत्वपूर्ण कुरा उत्पादन बृद्धि नै हो। कृषितर्फ प्रतिकूल मौसमले गर्दा लगातार दुई वर्ष बाली नराम्रो भएकोले कृषि उत्पादनमा ठूलो ह्रास भई राष्ट्रिय उत्पादनमा आशातीत प्रगति हुन सकेको छैन। विगत वर्षहरूमा जनसंख्यामा [illegible] भए तापनि नयाँ जमीनहरू खेती भएबाट राष्ट्रिय उत्पादन बृद्धि भई प्रतिव्यक्ति आयस्तर कायम हुन सकेको थियो। अब खेतीको क्षेत्र विस्तार गर्ने सम्भावना धेरै कम भइसकेको छ र सीमान्त जग्गाहरूमा पनि खेती भइसकेको छ। पहाडी क्षेत्रमा जङ्गल र चरन मासिँदै गएको कारणबाट कृषिको उत्पादकत्वमा ह्रास हुँदै गएको छ। यस स्थितिमा कृषिक्षेत्रको उत्पादकत्वमा नै बृद्धि गर्न नसकेमा हाम्रा समस्याहरू नसुल्झने मात्र होइन झन चर्किंदै जान सक्छन्।

७. कृषि विकासको लागि सिंचाइ, कृषि प्रसार, अनुसन्धान तथा कृषि उपकरणहरू र कृषि ऋण किसानहरूमा पुऱ्याउन श्री ५ को सरकारले प्रति वर्ष लगानी बढाउँदै आएको कुरा माननीय सदस्यहरूलाई विदितै छ। तथापि राष्ट्रिय अर्थ व्यवस्थाको मेरूदण्डको रूपमा रहेको कृषि क्षेत्रमा हामीले जे जति सफलता हासिल गर्नु पर्ने हो त्यो हासिल हुन सकेको छैन। यस सन्दर्भमा देशको प्राकृतिक सम्पदा र मलिलो माटोको बचाउ एवं सदुपयोग गरी कृषि उपजका ज्ञान तथा साधनहरू किसानहरूमा पुऱ्याउने र उत्पादकत्वमा बृद्धि गर्ने एक सक्षम माध्यमको खोजी गर्नु नितान्त आवश्यक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको छ । कृषि उत्पादकत्वको बृद्धि श्री ५ को सरकारको निर्णयमा मात्र आधारित नभै बाली लगाउने किसानको आफ्नो निर्णयबाट बढी प्रभावित हुने गर्दछ । तसर्थ श्री ५ को सरकारको लगानीबाट आर्जित सुविधाको अधिकतम उपयोग गरी बढी भन्दा बढी फाइदा हासिल गर्न किसान प्रोत्साहित हुने संस्थागत सुधारको पनि आज ठूलो खाँचो छ । यसै गरी कृषि उपजको मूल्यलाई उपभोक्ताको दृष्टिकोणबाट मात्र विचार नगरी खेतीबाट किसानले पाउनु पर्ने मनासिव माफिकको आयतर्फ पनि ध्यान दिनु पर्ने अवस्था छ ।

८. राष्ट्रिय आय वा उत्पादन लक्षित मात्रामा बढ्न नसकेको अवस्थामा यसबाट अर्थ व्यवस्थाका अन्य पक्षहरूमा पनि प्रतिकूल असर पर्नु स्वाभाविक हुन्छ । यस सन्दर्भमा सर्वसाधा जनतालाई असर पार्ने र सरकारले दृष्टि पुऱ्याउनु पर्ने सबैभन्दा महत्वपूर्ण कुरा मूल्यस्थिति नै हो । चालू आर्थिक वर्षको मूल्यस्थिति र मूल्य बृद्धिलाई नियन्त्रण गर्न श्री ५ को सरकारले उठाएको कदमहरू आर्थिक सर्वेक्षणमा उल्लेख गरिएको छ । उक्त सर्वेक्षणमा उल्लेख गरेबमोजिम चालू आर्थिक वर्षको ६ महीनामा राष्ट्रिय मूल्यसूची ४ प्रतिशतले मात्र बढेको र तेस्रो त्रैमासिकदेखि मूल्य बृद्धि दर घट्न थालेको कुरा अन्य कतिपय देशहरूको अवस्थासंग तुलना गरी हेर्दा सन्तोषप्रद भन्न सकिन्छ । सोही अवधिमा गत वर्षमा मुद्रा प्रदायको बृद्धि दर ३२.४५ प्रतिशतले भएकोमा यस वर्ष १६.८८ प्रतिशतमा सीमित राख्न सकिएकोले पनि मूल्यमा चाप कम परेको हो ।

९. विगत वर्षहरूमा विदेशी सम्पत्तिको सञ्चिती निरन्तर बढ्दै गएको छ तापनि व्यापार सन्तुलनमा घाटा पनि बढ्दै गरेको छ । यसबाट नेपालको भुक्तानी स्थितिको आधार त्यति दरिलो नभएको र उपयुक्त नीति अपनाई सावधानीपूर्वक अगाडि नबढेमा भविष्यमा यो एक समस्या बन्न सक्ने कुरालाई संकेत गर्दछ । देशविकासको क्रममा विकासका सामग्रीहरू र कच्चा पदार्थहरूको निमित्त आयात पनि बढ्दै जाने हुन्छ । तर निकासीतर्फ भने हाम्रो निकासी हुने वस्तुहरूको निकासीको परिमाण घट्दै गएको छ । त्यसमाथि हाम्रो प्रमुख निकासीको अन्तर्राष्ट्रिय बजार भाउ घटबढ भइरहने समस्या त छँदैछ । यसकारण निर्यात बढाउन उत्पादनमा बृद्धि गर्नुको साथै निकासी बृद्धि गर्ने उपायहरूतर्फ बढी ध्यान दिनु नितान्त आवश्यक भएको छ ताकि भविष्यमा विदे मुद्राको अभाव नै विकासको अवरोध हुन नपाओस् । भाग्यवंस आज हाम्रो विदेशी मुद्राको संचिति स्थिति राम्रो छ र यसको आधारमा श्री ५ को सरकारले दीर्घकालीन दृष्टिकोण राखी व्यापार असन्तुलन सुधार्न सकारात्मक कदमहरू लिन सकेको छ ।

१०. माननीय सदस्यहरूलाई विदितै छ कि यस वर्ष श्री ५ को सरकारले करीब १६ वर्ष अगाडि लागू गरिएको बोनस प्रणालीलाई अन्त गरी वैदेशिक व्यापार तथा भुक्तानी प्रणालीमा एक नयाँ कदम लिएको छ । हाम्रो देश भूपरिवेष्ठित हुनाको साथै सबभन्दा नजीकको बन्दरगाह पनि देशको राजधानीबाट करीब १ हजार किलोमिटर टाढा भएको कारणले हाम्रो निर्यातकर्ताहरूले समुद्रपार बजारमा सामान्यत: प्रतिस्पर्धा गर्न नसक्ने स्थिति हुँदा निर्यात बोनस दिई निर्यात प्रोत्साहन गर्ने गरिएको हो । यस व्यवस्थाले देशको वैदेशिक व्यापार विविधीकरण गर्ने राष्ट्रिय उद्देश्यमा निश्चय पनि ठूलो सघाउ पुऱ्याएको हो । साथै देशको वैदेशिक व्यापारको ढाँचामा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देशगत तथा वस्तुगत विविधीकरण पनि निक्कै मात्रामा भएको थियो । तर केही वर्ष यता यस व्यवस्थाका केही अन्तरनिहित खराबीहरू देखिन थाले जसले गर्दा निर्यात व्यापारको विकास तथा स्थायित्वमा मात्र होइन अपितु राष्ट्रिय अर्थ व्यवस्थाका विभिन्न पक्षहरूमा समेत प्रतिकूल असर पर्ने संकेत देखियो । बोनस प्रणाली लागू भएको १६ वर्षको अवधिमा पनि एकातिर सबल तथा गतिशील निर्यात क्षेत्रको विकास हुन सकेन भने अर्कोतिर निर्यातमूलक उद्योगहरूको स्थापना हुन नसकी कृषिजन्य वस्तुहरू पनि कच्चा पदार्थकै रूपमा प्रारम्भिक प्रशोधन समेत नगरी निकासी हुन गयो । यसो हुनुको प्रमुख कारणमा बोनस प्रिमियमको दरमा घटबढ हुने गरेकोले निर्यात आर्जन अनिश्चित हुने गरेकोले हो । यस प्रकारको अनिश्चित वातावरणमा स्थायी प्रकारले निर्यातको विकास हुने सम्भावना रहेन । त्यसको फलस्वरूप देशका व्यापारीहरू तुरुन्तै लाभ हुने खालका निर्यातमा मात्र लाग्न थाले । आयाततर्फ पनि यस प्रणालीमा विभिन्न विकृतिहरू देखा पर्न थाले । आर्थिक विकासको लागि आवश्यक तथा देशको जनतालाई चाहिने उपभोग्य वस्तुहरू आयात नभै विलासिताका वस्तुहरू बढी आयात हुने स्थिति भयो । साथै देशको आवश्यकतानुसार आयातमा उदारवादी नीति अपनाउन खोज्दा पनि निर्यातलाई प्रतिकूल असर पर्ने भएको थियो । उपरोक्त दुर्गुणहरूको साथ साथै देशमा अदृश्य रूपले सातभन्दा बढी विनिमय दरहरू भएकोले साधनको बाँडफाँड तथा लगानीमा पनि विकृति आई देशको सीमित साधन राष्ट्रिय उच्चतम लाभ हुने काममा उपयोग हुन नसकेको अनुभव भयो । हाम्रोजस्तो सानो मुलुक जहाँ सबै किसिमका कच्चा पदार्थ तथा प्राकृतिक सम्पदा छैन, स्वभावतः आफ्नो आवश्यकता पूरा गर्न वैदेशिक व्यापारमा निर्भर रहनु पर्ने हुन्छ । यस स्थितिमा हाम्रो व्यापार नीतिलाई उदार बनाउनु बाहेक हाम्रो लागि अर्को बाटो देखिएन । यदि हामीले पनि अन्तरमुखी नीति अपनायौं भने निश्चय पनि हाम्रो अर्थव्यवस्थाको लागत बढी हुन गै सर्वसाधारणको जीवनस्तरलाई उकास्ने हाम्रो राष्ट्रिय लक्ष्यमा नै आघात पुग्न जाने हुन्छ । यिनै कुराहरूलाई ध्यानमा राखी द्वय विनिमय दर प्रणाली लागू गरेका हौं । धेरै वर्षदेखि एक व्यवस्थामा रही काम गरिरहेका हाम्रा व्यापारीहरू यो नयाँ व्यवस्थासंग पूरा परिचित हुन नसकी शुरूमा केही अप्ठ्यारो अनुभव गर्नु स्वाभाविकै हो । तथापि यसका सकारात्मक पक्षहरूको असर पर्न थालिसकेको छ र मलाई विश्वास छ आगामी वर्ष देशको अर्थ व्यवस्थामा यसको अनुकूल प्रभाव पर्नेछ ।

११. देशको अर्थ व्यवस्थाको उपयुक्त वस्तुस्थितिको पृष्ठभूमिमा आगामी वर्षको आर्थिक स्थितिको पूर्वानुमान गर्ने प्रयत्न गर्दा सबैभन्दा महत्वपूर्ण सूचक कृषि उत्पादन नै के कस्तो हुन्छ यकिन गर्न कठिन छ । तर पनि कृषिक्षेत्र अझै मौसममा नै निर्भर रहे तापनि चालू वर्ष पूरा भएका सिंचाइ आयोजनाहरूले कृषि उत्पादनमा केही न केही सकारात्मक असर पार्ने आशा गर्न सकिन्छ । आगामी वर्षको खाद्यान्नको बाली सामान्य मात्र भए तापनि चालू वर्षको दाँजोमा उत्पादनमा उल्लेखनीय वृद्धि हुने अनुमान गर्न सकिन्छ । विगत केही वर्षदेखि किसानहरूले नगदे बालीतर्फ देखाई आएको उत्साहलाई दृष्टिगत गर्दा यसको उत्पादनमा पनि वृद्धि हुने अनुमान गर्न सकिन्छ ।

१२. औद्योगिक उत्पादनतर्फ यस वर्ष केही उद्योगहरूलाई विभिन्न प्राविधिक कठिनाइहरू परी क्षमताअनुसार उत्पादन हुन सकेको थिएन । आगामी वर्ष यस्ता कठिनाइहरू नदोहरिने भई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यी उद्योगहरूको उत्पादन बढ्ने आशा गरिएको छ। यस्तो उद्योगमा सिमेन्ट मुख्य पर्दछ। यस बाहेक सरकारी क्षेत्रमा हेटौंडा सूती उद्योग तथा भक्तपुर ईंटा कारखानाले पनि आगामी वर्षदेखि उत्पादन शुरू गर्नेछन्। गैर सरकारी क्षेत्रमा पनि केही नयाँ उद्योगहरूले उत्पादन शुरू गर्ने देखिएको छ। औद्योगिक प्रतिष्ठानहरूले उद्योगको लागि चाहिने आवश्यक वस्तुहरू आयात गर्न खुला गरिएको र अन्य यस्तै उदार नीतिको फलस्वरूप आगामी वर्ष सरकारी क्षेत्रको साथसाथै निजी क्षेत्र पनि बढी प्रोत्साहित भई औद्योगिक उत्पादनमा उल्लेखनीय वृद्धि हुने विश्वास लिन सकिन्छ।

१३. जहाँसम्म मूल्यस्थितिको प्रश्न छ चालू आर्थिक वर्षको तेस्रो त्रैमासदेखि मूल्य घट्न थालेको कुरा मले पहिले नै उल्लेख गरिसकें। आगामी वर्ष पनि अनुमान गरेझैं मौसम राम्रो भई बा... नाली सामान्य भएमा तथा औद्योगिक उत्पादन केही मात्र बृद्धि हुन सकेमा पनि मूल्यको चाप चालू वर्षभन्दा पनि कम हुने अनुमान छ।

१४. वैदेशिक व्यापारतर्फ आगामी वर्ष धानको उत्पादन सामान्य स्तरमा पुग्ने आशा गरिएकोले चालू वर्षको दाँजोमा चामलको निर्यातबाट करीब ४२ प्रतिशतले निर्यात आर्जन बढ्ने अनुमान छ। यसरी कूल निर्यातको आर्जनमा करीब १७ प्रतिशतले वृद्धि भै आगामी वर्ष निर्यातबाट रू. ११८ करोड आर्जन हुने देखिन्छ। आयाततर्फ पनि केही ठूला ठूला आयोजनाहरूको कार्यान्वियनमा आगामी वर्ष तीव्रता आउने देखिएकोले यी आयोजनाहरूको निमित्त चाहिने वस्तुहरूको पैठारी बढ्ने हुनाले पैठारी १६ प्रतिशतले वृद्धि हुने अनुमान छ। यसप्रकार आगामी वर्ष वैदेशिक व्यापार सन्तुलनमा १८० करोड घाटा हुने अहिलेको अनुमान छ।

१५. सेवातर्फबाट हुने आर्जनमा पर्यटनबाट हुने आर्जन २४ प्रतिशतले वृद्धि भै रू. ४६ करोड पुग्ने अनुमान छ र अन्य स्रोतहरूबाट रू. ७७ करोडको आर्जन हुने देखिन्छ। तर आगामी वर्ष सेवा वापत भुक्तानी गर्नुपर्ने रकम रू. ८३ करोड पुग्ने आधारमा खुद आर्जन रू. ४० करोडमात्र हुने अनुमान छ। त्यसै गरी निजी क्षेत्रको अन्य भुक्तानी, विदेशी अनुदान आदि गरी खुद भुक्तानीबाट रू. ८० करोड आर्जन हुने भै चल्ती खातामा रू. ६० करोडको घाटा हुने अनुमान छ। तर देशभित्र आगामी वर्ष पूँजीगत प्रवाह रू. ५५ करोड हुने अनुमान गरिएकोले शोधनान्तर स्थितिमा रू. ५ करोडको घाटा हुने देखिन्छ। यसमा पनि वैदेशिक व्यापारतर्फ आगामी वर्षको निर्यातबाट हु... आर्जनको अनुमान गर्दा चामल बाहेक अन्य वस्तुहरूको निर्यात चालू वर्षको निर्यातको आधारमा गरिएकोले यसमा सामान्य बृद्धि मात्र भएमा पनि शोधनान्तर स्थितिमा घाटा नभई बचत हुने सम्भावना पनि छ।

१६. मैले माथि वर्णन गरेको देशको वर्तमान आर्थिक स्थिति र आगामी वर्षको उत्पादन, मूल्य तथा भुक्तानी सन्तुलनको लक्षणको सन्दर्भमा विचार गर्दा श्री ५ को सरकारको आर्थिक नीति तथा बिकासको सम्पूर्ण प्रयासहरू उत्पादन वृद्धि गर्ने, राष्ट्रिय आयको न्यायपूर्ण वितरण गर्ने र वैदेशिक व्यापारमा सन्तुलन कायम गर्नेतर्फ लक्षित हुनु पर्ने कुरा स्पष्ट छ। मैले तर्जुमा गरेको आगामी वर्षको बजेट यिनै उद्देश्यहरूमा आधारित छ।

१७. मूल्य नियन्त्रण एवं व्यापार सन्तुलनको आवश्यकतालाई दृष्टिगत गरी आगामी वर्ष सरकारी कारोवारबाट मुद्रा प्रदाय वाञ्छित सीमाभन्दा बढी विस्तार हुन नपाओस् भन्ने दृष्टिकोणले बैंकिङ्ग क्षेत्रसंग श्री ५ को सरकारले लिने कर्जा लगायत न्यून वित्त परिचालनको मात्रा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उल्लेखनीय रूपमा कम गरिनेछ । यसरी स्वस्थ राष्ट्रिय अर्थ व्यवस्थाको सञ्चालनको लागि मुद्रा प्रदायलाई प्रचलित मूल्यमा राष्ट्रिय उत्पादनको बृद्धि दरअनुसार मात्र तरलता बढ्न दिने दृष्टिकोण राखिएको छ । तदअनुरूप आगामी वर्षको विकासखर्च चालू वर्षको संशोधित अनुमानभन्दा ३७ प्रतिशत बृद्धि गर्ने लक्ष्य राखिए तापनि न्यून वित्त परिचालनबाट व्यहोरिने खर्च चालू वर्षको संशोधित अनुमानको तुलनामा करीब ३३ प्रतिशत कम हुनेछ । यसरी विकास बजेटमा उल्लेखनीय बृद्धि गर्नुको बाबजूद न्यून वित्तको परिमाण सीमित राख्न राजश्व परिचालनमा जोड दिइएको छ ।

१८. माननीय सदस्यहरूलाई मैले बारम्बार निवेदन गर्दै आएको छु कि वित्तीय नीति एकातिर साधन परिचालन गर्ने माध्यम हो भने अर्कोतिर लगानीलाई लक्षित दिशातर्फ मोड्ने आधार पनि हो र यसैको माध्यमबाट समाजमा राष्ट्रिय आयको न्यायोचित वितरणमा पनि सघाउ पुग्दछ । अरू कतिपय विकासोन्मुख देशहरूमाजस्तै हाम्रो कर प्रणालीमा पनि अप्रत्यक्ष करको बाहुल्यता छ । यस्तो कर प्रणालीबाट पनि न्यायोचित वितरणको उद्देश्य प्राप्त गर्न नसकिने होइन तापनि प्रत्यक्ष कर जति प्रभावकारी हुन्छ त्यति अप्रत्यक्ष कर नहुने कुरा सर्वसिद्ध छ । यसकारण आगामी वर्षको लागि राजश्व नीति अपनाउँदा अप्रत्यक्ष करमा मात्र भर नपरी प्रत्यक्ष करमा पनि जोड दिएको छु र सर्वसाधारणले उपभोग गर्ने वस्तुहरूको मूल्यमा प्रतिकूल असर नपरोस् भन्ने हेतुले यस्ता कुनै वस्तुहरूमा पनि करको भार थपेको छैन ।

१९. हाम्रो देशको भौगोलिक स्थितिले गर्दा र अरू विभिन्न प्राविधिक तथा व्यवस्थापन कठिनाइको कारणले हाम्रो उद्योगहरूको उत्पादन लागत बढी हुन्छ । यसकारण देशमा उत्पादित कतिपय वस्तुहरू वाह्य बजारमा प्रतिस्पर्धा गर्न सक्दैनन् । यस परिस्थितिमा निर्यातलाई स्थायी प्रोत्साहन दिनाको लागि अपनाइएको द्वय विनिमय प्रणालीबारे मैले माथि उल्लेख गरिसकें । यस बाहेक निर्यातलाई प्रोत्साहन गर्नको लागि परम्परागत रूपमा निकासी भै आएका कृषि तथा वनजन्य वस्तुहरू बाहेक अरू सबै औद्योगिक उत्पादनको निर्यात महसूलमा सहुलियत प्रदान गर्ने नीति अपनाइएको छ ।

२०. श्री ५ महाराजाधिराज सरकारबाट यस सदनलाई बक्सेको शाही सम्बोधनमा कर्मचारी, शिक्षक वर्ग, शाही नेपाली सेना तथा नेपाल प्रहरीको आयस्तर देशको आर्थिक अवस्थालाई दृष्टिगत गरी क्रमशः बढाउँदै लगेर सबै सेवालाई सहुलियत दिंदै जाने कुरा हुकुम बक्से बमोजिम यी सेवाहरूको तलव बृद्धि गर्न केही रकम आगामी बजेटमा व्यवस्था गरेको छु । यसमा पनि निम्न आय वर्गको विशेष कठिनाइलाई दृष्टिगत गरी सबैभन्दा तल्लो श्रेणीका कर्मचारी एवं अन्य राष्ट्र सेवकको तलवमा बढी प्रतिशतले वृद्धि गरी माथिल्ला श्रेणीमा क्रमशः कम प्रतिशतले वृद्धि गर्ने व्यवस्था गरिएको छ । यसअनुसार सबैभन्दा तल्लो तहमा १८.१ प्रतिशतले शुरूको तलवमा वृद्धि हुनेछ भने सबैभन्दा माथिल्लो तहमा ४.८ प्रतिशतले वृद्धि हुनेछ ।

२१. प्रशासन तथा अन्य सेवामा काम गर्ने कर्मचारी तथा अन्य राष्ट्रसेवकहरूको तलवमा गरिने यस बृद्धि र यसै वर्षदेखि लागू गरिएको कर्मचारी बीमा व्यवस्थाजस्ता कदमहरूले देशको प्रशासनको दक्षतामा सकारात्मक असर पार्दै जाने विश्वास श्री ५ को सरकारले लिएको छ । प्रशासनलाई अझ बढी दक्ष र स्वच्छ बनाउनु पर्ने कुरा निर्विवाद छ तापनि यस वर्ष विकासतर्फ भएको प्रयास र विकासबजेटअन्तर्गत भएको खर्चको संशोधित अनुमानलाई दृष्टिगत गर्दा यसरी क्रमशः बढ्दै गैरहेको प्रशासनको कार्यक्षमताबाट सन्तोष पनि लिन सकिन्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२

२२. आगामी वर्षको आय-व्ययको अनुमान पेश गर्नु अघि २०३३।३४ को यथार्थ बजेट स्थिति र २०३४।३५ को संशोधित बजेट अनुमान पेश गर्दछु । गत वर्ष विकास र साधारण गरी रू. २ अरब ३७ करोड १६ लाख ३० हजार खर्च हुने संशोधित अनुमान गरिएकोमा यथार्थमा रू. २ अरब ३३ करोड ४ लाख ८ हजार खर्च भयो । राजश्व तर्फ रू. १ अरब ३२ करोड १२ लाख ४९ हजार प्राप्त हुने संशोधित अनुमान गरिएकोमा रू. १ अरब ३२ करोड २९ लाख १६ हजार संकलन भयो । विदेशी सहायता र ऋणतर्फ अनुदान र ऋण गरी रू. ५५ करोड ६९ लाख ३० हजार प्राप्त भएकोले जम्मा रू. ४५ करोड ५ लाख ६२ हजार न्यून भएकोमा आन्तरिक ऋण रू. ३० करोड उठाई बाँकी रकम नगद मौज्दातबाट व्यहोरिएको थियो ।

२३. चालू आर्थिक वर्ष विकास र साधारण गरी रू. ३ अरब ८ करोड ७४ लाख २४ हजार खर्च हुने अनुमान भएकोमा जम्मा रू. २ अरब ८५ करोड ८ लाख २५ हजार खर्च हुने संशोधित अनुमान छ । माननीय सदस्यहरूलाई यो सुनाउन पाउँदा मलाई खुशी लागेको छ कि यस वर्ष विकासको लागि छुट्याइएको रकमको ९० प्रतिशत खर्च हुने संशोधित अनुमान छ जबकि गत वर्ष विकास बजेटको ८४ प्रतिशत खर्च भएको थियो । यस प्रकार विकास कार्यमा खर्च गर्ने क्षमतामा जुन प्रकारले बृद्धि हुँदै गएको छ त्यसबाट विकासको बाटोमा लम्कने हाम्रो संकल्पलाई सफलिभूत पार्न बलियो आधार मिलेको छ ।

२४. राजश्वतर्फ चालू वर्ष कूल आय रू. १ अरब ७२ करोड ४५ लाख ९५ हजार संकलन हुने अनुमान भएकोमा रू. १ अरब ५८ करोड ५ लाख ६१ हजार संकलन हुने संशोधित अनुमान छ जुन शुरूको अनुमान भन्दा ८.३५ प्रतिशतले कम छ । गत वर्ष राजश्व संकलन शुरूको अनुमान भन्दा १४ प्रतिशतले कम भएको थियो । यस हिसावले चालू वर्षको राजश्वको संकलनमा उल्लेखनीय प्रगति भएको छ र गत वर्षको दाँजोमा १९.६२ प्रतिशतले राजश्व बढ्नु सन्तोषको कुरा हो । शुरूको अनुमानभन्दा राजश्व केही घट्नुको मुख्य कारणहरूमा साँवा ब्याजमा करीब ५७.०८ प्रतिशतले, भन्सारमा करीब ३.२५ प्रतिशतले, वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने करमा करीब ७.४७ प्रतिशतले र आय, नाफा र सम्पत्ति करमा करीब ११.९२ प्रतिशतले घट्न जाने संशोधित अनुमान भएकोले हो ।

२५. विदेशी सहायतातर्फ अनुदान र ऋण गरी करीब रू. १ अरब १२ करोड ५ लाख ७४ हजार प्राप्त हुने अनुमान भएकोमा रू. ९६ करोड ३४ लाख २७ हजार प्राप्त हुने संशोधित अनुमान छ । यस प्रकार चालू वर्षको कूल खर्च राजश्व र विदेशी संहायताबाट व्यहोरी बाँकी हुन आएको न्यून रू. ३० करोड ६८ लाख ३७ हजारमध्ये रू. २४ करोड आन्तरिक ऋण उठाई बाँकी रकम नगद मौज्दातबाट व्यहोरिने संशोधित अनुमान छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# ३

२६. यस वर्ष विकास बजेटअन्तर्गत हुन सकेको खर्चको अनुपातबाट हौसला लिई आगामी वर्ष विकासखर्चमा उल्लेखनीय रूपले वृद्धि गर्ने प्रस्ताव गरेको छु। जहाँसम्म विभिन्न क्षेत्रहरूमा गरिने लगानीको बाँडफाँडको प्रश्न छ त्यसको आधार चालू वर्ष सरह हाम्रो विकासको उद्देश्य र योजनाले निर्धारित गरेको प्राथमिकता अनुकूल छ। कृषिक्षेत्रमा पनि खास गरी सिंचाइ र अन्य उत्पादक क्षेत्रहरूलाई दिई आएको प्राथमिकता कायम राखिएको छ र यातायात तथा विद्युत् जस्ता क्षेत्रहरूमा शुरू गरिएका ठूला ठूला आयोजनाहरू समेतको आवश्यकता हेरी चाहिने रकमको व्यवस्था गरिएको छ। त्यस्तै शिक्षा, स्वास्थ्य तथा खानेपानी जस्तो सामाजिक सेवाको विस्तारमा दिई आएको प्राथमिकता पनि कायम राखिएको छ।

२७. विकासक्षेत्र अनुसार लगानीको अनुपात हेर्दा पूर्वाञ्चल विकासक्षेत्रमा १५.२३ प्रतिशत, मध्यमाञ्चल विकासक्षेत्रमा ४२.२८ प्रतिशत, पश्चिमाञ्चल विकासक्षेत्रमा १६.३४ प्रतिशत र सुदूर पश्चिमाञ्चल विकासक्षेत्रमा १६.४३ प्रतिशत छुट्याइएको छ। बाँकी ९.७२ प्रतिशत विकासक्षेत्र खुलाउन नसकिने वर्गमा पर्दछ।

२८. गाउँ नै गाउँले भरिएको नेपालको विकास र राष्ट्रिय उत्पादनको न्यायोचित वितरणको लागि ग्रामीण विकासको विशेष महत्वलाई दृष्टिगत गरी श्री ५ को सरकारले केही समयदेखि एकीकृत ग्रामीण विकास आयोजनाहरू लगायत स्थानीय तहमा स्थानीय माध्यमद्वारा अन्य यस्तै ग्रामीण विकास कार्यक्रम सञ्चालन गर्दै आएको छ। सिंचाइको लागि कुलोहरू, खानेपानी, ग्रामीण सडकहरू र साना-साना जल विद्युत् योजनाहरू लगायत वृक्षारोपण, कृषि प्रसार र घरेलु उद्योग जस्ता क्षेत्रको विकासमा श्री ५ को सरकारको आफ्नै प्रयासभन्दा स्थानीय पञ्चायतहरू बढी सक्षम र प्रभावकारी हुने कुरा हाम्रो कतिपय अनुभवहरूले प्रमाणित गरेको छ। फेरि यस प्रकारको विकास प्रक्रियामा नै विकासको फलको न्यायोचित वितरण हुने व्यवस्था अन्तरनिहित हुन्छ। तदनुसार ग्रामीण विकास कार्यक्रमहरूमा पञ्चायतहरूलाई बढी सरीक गराई एकातिर तिनकै माध्यमबाट सञ्चालन हुने विकास कार्यहरूद्वारा बहुसंख्यक जनताको न्यूनतम आवश्यकता पूर्ति गर्दै जाने र अर्कोतिर देशको अर्थव्यवस्थालाई दरिलो बनाउन आधुनिक क्षेत्रको विकास गर्ने काममा श्री ५ को सरकारको तर्फबाट हुनु पर्ने प्रयाशको बीच सन्तुलन राखी आगामी वर्षको निमित्त विकास बजेटको व्यवस्था गरिएको छ।

२९. ठूला ठूला राजमार्गहरू, त्यस्तै मझौला एवं ठूला जल विद्युत् आयोजनाहरू र उद्योग-हरूजस्ता दक्ष जनशक्ति, प्रविधि र व्यवस्थापनको आवश्यक पर्ने आधुनिक क्षेत्रको विकासमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकारको जुन भूमिका रहन्छ त्यस्तै जनताको न्यूनतम आवश्यकता पूर्ति गर्ने उद्देश्यबाट प्रेरित ग्रामीण विकासमा स्थानीय स्रोत र जनशक्तिको महत्त्व रहन्छ। यस तथ्यलाई हृदयंगम गरी यस वर्ष पनि विकास कार्यमा जन-सहभागिता अभिवृद्धि गर्ने दृष्टिकोणबाट सिंचाइ, बाटो घाटो तथा वृक्षारोपण जस्ता कार्यहरू समेत स्थानीय माध्यमबाट सञ्चालन गरिएको हो। हाम्रो राजनैतिक व्यवस्थाले सुलभ गराएको यस परिपाटीको माध्यमबाट विकासको यस प्रक्रियालाई बढी व्यापक एवं प्रभावकारी बनाउँदै पञ्चायतक्षेत्रलाई देश निर्माणको प्रमुख आधारको रूपमा विकसित गर्नु पर्ने कुरा आज अनिवार्य भएको छ। यही उद्देश्यले आगामी वर्ष पनि पञ्चायत क्षेत्रअन्तर्गत जन सहभागितामा आधारित विकासको प्रक्रियालाई अझ विस्तृत गर्न त्यससम्बन्धी सिंचाइ, सडक, झोलुंगे पुल, खानेपानी तथा स-साना जल विद्युत् आयोजनाहरूको लागि समेत थप रकमको व्यवस्था गरी स्थानीय पञ्चायतहरूलाई श्री ५ को सरकारबाट सकेसम्म बढी सहयोग प्रदान गर्ने लक्ष्य राखिएको छ।

३०. चालू वर्ष पाँच जिल्लाहरूमा पञ्चायत विकास तथा जग्गाकर लागू गरी केही हदसम्म श्री ५ को सरकारको राजश्व नै कम भए पनि पञ्चायतक्षेत्रको विकासको लागि स्थानीय स्रोतको परिचालनको स्थायी आधारको जगेर्ना गर्ने प्रयाश शुरू भयो। यस वर्ष यी पाँच जिल्लाहरूमा यस करको सङ्कलनमा हुने प्रगतिले यस दिशामा हामी कुन गतिले अगाडि बढ्न सक्छौं भन्ने कुरा निर्धारण गर्नेछ। यो व्यवस्था लागू भएको पाँच जिल्लामा जनप्रतिनिधिहरूले देखाएको सक्रियता सराहनीय छ, खास गरेर यस वर्ष झापामा जुन प्रकारले यस प्रणालीअन्तर्गत साधनको परिचालन भयो त्यो सही र अनुकरणीय उदाहरणको रूपमा देखा परेको छ। अरू जिल्लाहरूले पनि त्यसको अनुसरण गरी आ-आफ्नो गाउँ तथा जिल्लाको विकासमा स्थानीय साधन र स्थानीय स्रोतको परिचालन गरी जन सहभागिताको उपयोगको क्षेत्र विस्तार गर्दै लगेमा ग्रामीण विकासको लागि पञ्चायतक्षेत्रमा शुरू भएका प्रयास छिटै नै व्यापक भई स्थानीय विकास स्वचालित रूपमा चल्न सक्ने कुराको संकेत गर्दछ।

३१. स्थानीय पञ्चायतमा आधारित यस किसिमको विकास प्रक्रियालाई व्यापक रूपमा सञ्चालन गर्न श्री ५ को सरकारले जुन प्रकारको प्राविधिक तथा अन्य सहयोगहरू जुटाउनु पर्ने हुन्छ र जुन हदको आपसी समन्वयको आवश्यकता पर्दछ त्यसलाई दृष्टिगत गर्दा यससम्बन्धी श्री ५ को सरकारको हालको संगठनात्मक एवं प्रशासकीय परिपाटीलाई सुदृढ गर्नु पर्ने कुरा पनि महसूस गरिएको छ। यस कुरामा श्री ५ को सरकारको ध्यान गइरहेको छ र आवश्यक कदम छिटै चालिनेछ।

३२. आगामी वर्षको लागि विकासबजेटको रू. २ अरब ६४ करोड ७८ लाख ६२ हजार र साधारण बजेटको रू. १ अरब १० करोड ४६ लाख ६२ हजार गरी जम्मा रू. ३ अरब ७५ करोड २८ लाख २४ हजारको अनुमान पेश गरेको छु। यो रकम चालू आर्थिक वर्षको संशोधित अनुमान भन्दा ३१ प्रतिशत बढी छ। विकासतर्फ छुट्याइएको रकम ३७ प्रतिशतले वृद्धि गरिएको छ भने साधारणतर्फको खर्च २० प्रतिशतले वृद्धि हुने अनुमान छ। साधारणतर्फको खर्चको वृद्धिमा प्रस्तावित तलव वृद्धिको लागि हुने खर्च प्रमुख पर्दछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३. साधारणतर्फको बजेटमा संवैधानिक अङ्गको लागि रू. ३ करोड ५० लाख ५४ हजार, साधारण प्रशासनको लागि रू. १५ करोड ८८ लाख ८२ हजार, राजश्व प्रशासनमा रू. ३ करोड १५ लाख ८४ हजार, आर्थिक प्रशासन र योजनामा रू. २ करोड ३४ लाख ६७ हजार, न्याय प्रशासनमा रू. १ करोड ५८ लाख २४ हजार, वैदेशिक सेवामा रू. ४ करोड ३१ लाख ६७ हजार, रक्षामा रू. १९ करोड ४७ लाख ४२ हजार, सामाजिक सेवाहरूमा रू. १८ करोड २४ लाख ९२ हजार, आर्थिक सेवाहरूमा रू. १० करोड ६४ लाख ८३ हजार, ऋण, लगानी तथा साँवा र ब्याज भुक्तानीमा रू. १८ करोड ७६ लाख २७ हजार र विविध शीर्षकमा रू. १२ करोड ५६ लाख ४० हजार छुट्याइएको छ ।

३४. विकास बजेटतर्फ सामाजिक सेवाहरूमा रू. ६० करोड ८५ लाख ७५ हजार, आर्थिक सेवाहरूमा रू. १ अरब ९८ करोड ८५ लाख ८४ हजार र विविध तथा आर्थिक प्रशासन र योजनामा रू. ५ करोड ७ लाख ३ हजार छुट्याइएको छ ।

३५. आर्थिक सेवाहरूको कूल अंशमध्ये कृषि, भूमिसुधार र सिंचाइमा रू. ६१ करोड ६३ लाख ३७ हजार, वनमा रू. १० करोड ३६ लाख ९८ हजार, उद्योग तथा खानीमा रू. १९ करोड २९ लाख ७५ हजार, विद्युतमा रू. ३३ करोड १८ लाख ७८ हजार, यातायात र सञ्चारमा रू. ६८ करोड २३ लाख ६ हजार र नापी तथा अन्य आर्थिक सेवामा रू. ६ करोड १३ लाख ९० हजार रकम छुट्याइएको छ । सामाजिक सेवातर्फ शिक्षामा रू. २३ करोड ९१ लाख २३ हजार, स्वास्थ्यमा रू. १२ करोड ३९ लाख ४९ हजार, पिउने पानीमा रू. ८ करोड ५१ लाख १९ हजार, पञ्चायतमा रू. १२ करोड १६ लाख ४० हजार र अन्य सामाजिक सेवामा रू. ३ करोड ८७ लाख ४४ हजार छुट्याइएको छ ।

३६. राजश्वतर्फ वर्तमान स्रोतहरूबाट आगामी वर्षमा जम्मा रू. १ अरब ९२ करोड ३ लाख ५७ हजार प्राप्त हुने अनुमान छ । यो रकम चालू वर्षको संशोधित अनुमानको तुलनामा २१ प्रतिशतले बढी हुनेछ । कूल राजश्वमा कर राजश्वबाट १ अरब ५६ करोड ५५ लाख ४७ हजार गैर कर राजश्वबाट ३५ करोड ४८ लाख १० हजार प्राप्त हुने अनुमान छ ।

३७. कूल कर राजश्वमा अन्तरराष्ट्रिय व्यापारमा लाग्ने करबाट रू. ६२ करोड ३९ लाख ४७ हजार, वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने करबाट रू. ५८ करोड ६८ लाख हुने अनुमान छ । आय नाफा तथा सम्पत्तिमा लाग्ने कर र मालपोत तथा रजिष्ट्रेशनबाट भने क्रमश: रू. १९ करोड ३१ लाख र रू. १६ करोड १७ लाख प्राप्त हुने अनुमान छ ।

३८. गैर कर राजश्वतर्फ जम्मा रू. ३५ करोड ४८ लाख १० हजार हुने अनुमान गरिएको-मा सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट रू. १२ करोड १५ लाख, लाभांश, साँवा ब्याजबाट रू. १३ करोड ३४ लाख ६४ हजार, दस्तूर दण्ड जरीवाना र जफत तथा रोयल्टी, टकमरी आदिबाट रू. ९ करोड ९८ लाख ४६ हजार प्राप्त हुने अनुमान छ ।

३९. वैदेशिक सहायतातर्फ अनुदान र ऋण गरी जम्मा रू. १ अरब ५२ करोड ३३ लाख २५ हजार प्राप्त हुने अनुमान छ । यो रकम चालू वर्षको संशोधित अनुमानभन्दा करीब ५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रतिशतले बढी छ। यस वर्षको संशोधित अनुमान अनुसार कूल विकासखर्च करीब ५० प्रतिशतले विदेशी सहायताबाट व्यहोरिने छ। आगामी वर्ष करीब ५७ प्रतिशत विकास खर्च विदेशी सहायताबाट व्यहोरिने अनुमान छ। यसप्रकार वैदेशिक सहायताको रकम वृद्धि हुँदै जानुको साथै यसका उपयोगको दरमा पनि वृद्धि हुँदै गएको छ। सरसरती हेर्दा विदेशी सहायतामाथिको हाम्रो निर्भरता बढ्दै गएको देखिए तापनि अन्य विकासोन्मुख देशहरूको तुलनामा नेपालले आफ्नै बचतबाट विकासको लागि गर्न सकेको लगानी उत्साहबर्द्धक छ। यस सन्दर्भमा म माननीय सदस्यहरूलाई यो पनि जानकारी दिलाउन चाहन्छु कि हाम्रा विकासमा सहयोग दिने मित्रराष्ट्रहरू तथा अन्तरराष्ट्रिय संघ संस्थाहरूले हाम्रो विकासको आवश्यकता तथा विकासको लागि हामीले लिएको मार्गको पूर्ण समर्थन गरेकाछन्। यस वर्ष पेरिसमा भएको नेपाल सहायता समूहको बैठकमा पनि सबै सदस्य राष्ट्रहरूले नेपालले छोटो अवधिमा हासिल गरेको प्रगतिको सराहना गर्दै विकास कार्यक्रमको लागि आवश्यक सहयोग जुटाई रहने वचन दिएका छन्। अन्तरराष्ट्रिय जगतबाट नेपालले पाएको यो सद्भावना श्री ५ महाराजाधिराज सरकारको नेतृत्वमा नेपाल र नेपालीले आर्थिक विकास र सामाजिक न्यायको स्थापनाको लागि गरेको संकल्प र यसको परिपूर्तिको निमित्त देखाएको सक्रियताको नै फल हो। यस सद्भावना र सहयोगको लागि सबै मित्रराष्ट्रहरू र अन्तरराष्ट्रिय संघ संस्थाहरूप्रति म श्री ५ को सरकारको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु।

४०. यसरी आगामी वर्ष विकास र साधारण गरी जम्मा रू. ३ अरब ७५ करोड २८ लाख २४ हजार खर्च हुने अनुमान भएकोमा राजश्वको वर्तमान स्रोतहरूबाट रू. १ अरब ९२ करोड ३ लाख ५७ हजार र वैदेशिक अनुदान तथा ऋणबाट रू. १ अरब ५२ करोड ३३ लाख २५ हजार गरी जम्मा रू. ३ अरब ४४ करोड ३६ लाख ८२ हजार प्राप्त भई बाँकी रू. ३० करोड ९१ लाख ४२ हजार न्यून हुने देखिएको छ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# ४

४१. अध्यक्ष महोदय, विगत केही वर्षदेखि करको आधार विस्तृत गर्नुको साथै कर प्रशासन-लाई सक्षम र सुदृढीकरण गरी वार्षिक सरदर १६ प्रतिशतले राजश्व परिचालन गरी आएको माननीय सदस्यहरूलाई विदितै छ। यस प्रकार हामीले आन्तरिक साधन परिचालन गरी देशको बढ्दो विकासको खर्चको लागि साधन जुटाउन जुन सफलता हासिल गर्न सकेका छौं त्यो निश्चय पनि ठूलो उपलब्धि हो।

४२. मैले माथि संकेत गरे झैं हाम्रो विकास कार्यक्रमहरूको कार्यान्वयन क्षमतामा उल्लेखनीय बृद्धि भएको छ र हाम्रो खर्च गर्ने क्षमतामा निकै बृद्धि हुँदै गएको छ। साथै देशका हर क्षेत्रमा विकासको लागि जनतामा ठूलो अभिरूचि आकाँक्षा तथा उत्साह पनि बढ्दै गएको छ। यस प्रकार देशमा विकासको लहर यति व्यापक हुँदै छ कि साँच्चै भन्ने हो भने देशमा सही मानेमा विकास आन्दोलन नै सञ्चालन भइरहेको छ। हामीले जनताको विकास प्रतिको यो उर्लंदो अभिरूचि र उत्साहलाई ठीक बाटोमा लगाउन सक्यौं भने यो नै देश विकासको लागि एक महत्वपूर्ण आधार हुन सक्नेछ।

४३. आज देशमा ग्रामीण जनताको न्यूनतम आवश्यकता पूर्ति गर्ने आयोजनाको साथ साथै ठूलठूला आयोजनाहरू जुन प्रकारले सञ्चालन भइरहेका छन् त्यसबाट एकातिर सन्तोष लाग्दछ भने अर्कोतिर प्रत्येक वर्ष बढी साधन परिचालन गर्नु पर्ने वाध्यताको कठिन समस्याले देशको अर्थ मन्त्रीको नाताले मलाई पिरोलो रहन्छ। तर केही यस्ता क्षेत्रहरू छन् जहाँबाट साधनको परिचालन गर्दा सामाजिक न्याय हुनुको साथै सर्वसाधारण जनतालाई करको कुनै भार पर्दैन। यिनै कुरालाई ध्यानमा राखी कर प्रस्तावमा प्रत्यक्ष करतर्फ पनि जोड दिएको छु।

४४. तसर्थ आगामी वर्षको राजश्वनीति निम्नबमोजिम अपनाएको छु:

१. सर्वसाधारण जनतालाई करको भार नपार्ने।
२. करको भार सामाजिक न्यायको आधारमा निर्धारण गर्ने।
३. देशको उद्योगहरूलाई प्रोत्साहन गर्न संरक्षण प्रदान गर्ने।
४. निर्यात क्षेत्रलाई प्रवर्द्धन गर्न निर्यातलाई सहुलियत दिने।

४५. मैले माथि व्यक्त गरेको राजश्वनीति अनुसार म सर्वप्रथम अप्रत्यक्ष कर प्रस्तावहरू पेश गर्दछु। भन्सार निकासी महसूलतर्फ हाम्रो निर्यात व्यापारलाई प्रवर्द्धन तथा प्रोत्साहित गर्न परम्परागत रूपले निकासी हुने गरेको कृषि तथा वनजन्य वस्तुहरूमा बाहेक अन्य सबै प्रशोधित वस्तुहरूको निकासी महसूल माफी गरी संशोधित निकासी भन्सार दरबन्दी तत्कालै लागू गरेको छु। आयाततर्फ देशको उद्योगहरूलाई संरक्षण प्रदान गर्नको लागि छालाको जुत्ता, पशुदाना,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्डबोर्ड, नुहाउने साबुन, मखन, होजियरीजस्ता वस्तुहरूको पैठारी भन्सार दर केही बढाएको छ। यस बाहेक सर्वसाधारण जनताले दैनिक उपभोग गर्ने कुनै वस्तुमा पैठारी भन्सार दरमा वृद्धि गरेको छैन। बरु वर्तमान मरमसलाको मूल्य स्थितिलाई दृष्टिगत गरी केही मसलाहरूमा पैठारी महसूल घटाएको छ। यसैगरी कृषि तथा वनजन्य अप्रशोधित वस्तुहरूको भन्सार महसूल माफी गरेको छ। साथै पुस्तक तथा अन्य पाठ्य सामग्री देशभित्रै छाप्न प्रोत्साहित गर्न र पत्रकारिता तथा छापाखाना उद्योगको विकासलाई सघाउ पुऱ्याउने उद्देश्यले न्यूजप्रिण्ट र अरू कागजमा पैठारी महसूल माफी गरिनुको साथै कागजमा लागी आएको बिक्री कर पनि हटाएको छ। सार्वजनिक निर्माण कार्यको अनुपातमा हाल देशमा उत्पादित सिमेन्टको परिमाण साह्रै अपर्याप्त छ। तसर्थ सिमेन्टको कारणबाट हाम्रो निर्माण कार्यमा अवरोध उत्पन्न नहोस् भन्ने उद्देश्यले हाम्रो सिमेन्ट उद्योगमा लागी आएको अन्तःशुल्क सरह मात्र हुने गरी सिमेन्टको पैठारी महसूलमा उल्लेखनीय कटौती गरेको छ। यस बाहिक समुद्रपारबाट हुने आयातमा उदारवादी नीति अपनाई दोस्रो दरमा विदेशी मुद्रा दिने व्यवस्था भए अनुरूप बोनस प्रणालीअन्तर्गत आयात गर्नुभन्दा यस प्रणालीमा आयात गर्दा आयातकर्ताहरूलाई हुने बढी नाफाको केही अंश राजस्वको रूपमा प्राप्त गर्ने उद्देश्यले केही वस्तुहरूको पैठारी दरबन्दीमा केही हेरफेर गरेको छ। संशोधित दरबन्दी अनुसूचीमा दिइएको छ। बाँकी दरबन्दी साबिकबमोजिम कायम गरेको छ। संशोधित भन्सार दरबन्दी तत्काल लागू हुनेछ। भन्सारको दरबन्दीमा हेरफेरबाट रू. २ करोड ५० लाख थप राजस्व प्राप्त हुने अनुमान गरेको छ।

४६. अन्तःशुल्कतर्फ साना चामल कारखानाहरूलाई समदरमा लगाइएको करमा १० अश्वशक्तिसम्म परिचालित चामल कारखानामा थप गरिने प्रत्येक हलरमा लागी आएको करलाई यथावत राखी १० अश्वशक्तिभन्दा माथिका चामल कारखानाहरूमा आगामी वर्षदेखि निम्न-बमोजिमको समदरमा कर लगाइने व्यवस्था गरेको छ।

| | |
|---|---|
| (क) ११ देखि माथि १८ अश्वशक्तिसम्म परिचालित | रू. २,२००। वार्षिक |
| प्रत्येक अतिरिक्त हलरके | रू. ८००। वार्षिक |
| (ख) १९ देखि माथि २५ अश्वशक्तिसम्म परिचालित | रू. ४,०००। वार्षिक |
| प्रत्येक अतिरिक्त हलरके | रू. १,१००। वार्षिक |

४७. १० देखि माथि २५ अश्वशक्तिसम्मद्वारा परिचालित चामल तथा तेल मीलहरूले पनि नियमानुसार हिसाब किताब राख्नु पर्नेछ। यसरी राखिएको विवरण अनुसार हुने अन्तःशुल्क रकम र समदरको रकममा जुन बढी हुन्छ, सोही अनुसार अन्तःशुल्क असूल उपर गरिनेछ। अरू चामल तथा तेलको अन्तःशुल्क यथावत कायम रहनेछ।

४८. सिन्थेटिक तथा कृत्रिम रेशाबाट तयार गरिने कपडाहरूमा मोलको प्रतिशतको आधारमा लागी आएको हालको दरबन्दीमा १० वर्षदेखि कुनै परिवर्तन गरिएको छैन। उत्पादित कपडाको मूल्यको आधारमा अन्तःशुल्क लगाई कपडाको उत्पादनको आधारमा निम्नबमोजिम अन्तःशुल्क उठाउने व्यवस्था गरेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) सर्टिङ्गमा प्रति मिटर रू. २।–
(२) सुटिङ्गमा प्रति मिटर रू. ७।–

४९. सुटिङ्ग र सर्टिङ्ग बाहेक उत्पादनको आधारमा अन्तःशुल्क लगाई असूल गर्न नमिल्ने अन्य सिन्थेटिक तथा कृत्रिम रेशाबाट तयार हुने कपडाको हकमा मूल्यमा १० प्रतिशतको दरले अन्तःशुल्क लगाई असूल गरिनेछ ।

५०. उपर्युक्त वस्तुहरूमा बाहेक बिडी, चुरोट, चिरानी काठ, कत्था र निम्न कोटीको मदिरामा निम्नबमोजिम अन्तःशुल्क हेरफेर गर्नुको साथै हल्का पेय पदार्थ र पार्केटमा पनि निम्न-बमोजिम तुरुन्त लागू हुने गरी अन्तःशुल्क लगाएको छ ।

| | |
|---|---|
| बिडी प्रतिहजार के | रू. ४।– |
| चिरानी काठ प्रति क्यूबिक फूट | रू. १।– |
| बोतलबन्दी निम्न कोटीको मदिरा प्रति एल. पी. लिटर | रू. १४।– |
| कत्था प्रति के. जी. | रू. २।५० |
| लेमु, अरेञ्जजस्ता सोडा बाहेक हल्का पेय पदार्थ प्रति लिटर | रू. १।– |
| पार्केट प्रति वर्ग फूट | रू. १।– |
| प्रति हजार रू. २०।– सम्म पर्ने चुरोटमा | रू. १७।– |
| प्रति हजार रू. ३५।– सम्म पर्ने चुरोटमा | रू. २२।– |

५१. चिनीको मूल्यमा अझ अनुकूल प्रभाव पार्न चिनीको अन्तःशुल्कमा उल्लेखनीय रूपले घटाई रू. ५५।– प्रति क्विण्टल अन्तःशुल्क लगाइनेछ । यस बाहेक अन्तःशुल्क लागेका वस्तुहरूको कारोबार गर्न प्रदान गरिने इजाजतपत्रको दस्तूरमा केही वृद्धि गरेको छ । अन्तःशुल्कको अरू दरहरू यथावत कायम राखेको छ । उपर्युक्त परिवर्तनहरूबाट अन्तःशुल्क तर्फ रू. २ करोड ६७ लाख राजस्व प्राप्त हुने अनुमान गरेको छ ।

५२. अब म प्रत्यक्ष कर प्रस्तावहरू पेश गर्दछु । हाल लागू रहेको आय करको दरलाई विभिन्न आय भएका समूहको बीच करको भारको वितरणलाई अझ बढी न्यायोचित बनाउन तथा करको दरमा समान तथा बढी प्रगतिशील बनाउन आगामी वर्षको लागि निम्मबमोजिमको आय करको दर कायम गरेको छ । घर बहालबाट हुने आयलाई अरू स्रोतबाट हुने आयमा समावेश नगरी छुट्टै घरजग्गा बहाल कर लागी आएकोमा आगामी वर्षदेखि घरजग्गा बहाल कर खारेज गरी घरजग्गा बहालबाट हुने आयलाई पनि अन्य स्रोतहरूबाट हुने आयमा समावेश गरी आयकर निर्धारण गर्ने व्यवस्था गरेको छ ।

व्यक्ति, दम्पती र परिवारको आयमा आयकरको छूटको सीमा साबिकबमोजिम कायम राखिएको छ । अब करको दर यस प्रकार हुनेछ :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) व्यक्ति, दम्पती र परिवार

| | |
|---|---|
| छूटपछिको रू. ५,००० मा | ५ प्रतिशत |
| त्यसपछिको रू. ५,००० मा | १० प्रतिशत |
| " रू. १०,००० | १५ प्रतिशत |
| " रू. २०,००० मा | २५ प्रतिशत |
| " रू. ५०,००० मा | ३५ प्रतिशत |
| " रू. १,००,००० मा | ४५ प्रतिशत |
| त्यसमाथि जतिसुकैमा | ५१ प्रति |

(ख) फर्म, कम्पनी, संगठित संस्था र अस्थायी वासिन्दा

| | |
|---|---|
| पहिलो रू. १०,००० मा | १० प्रतिशत |
| त्यसपछिको रू. १०,००० मा | १५ प्रतिशत |
| " रू. २०,००० मा | २५ प्रतिशत |
| " रू. ५०,००० मा | ३५ प्रतिशत |
| " रू. १,००,००० मा | ४५ प्रतिशत |
| त्यसमाथि जति सुकैमा | ५१ प्रतिशत |

यस परिवर्तनबाट थप रू. १ करोड राजस्व वृद्धि हुने भए तापनि यसको पूर्ण असर आर्थिक वर्ष २०३६।३७ मा मात्र पर्ने भई आगामी वर्षको लागि थप रू. ५० लाख मात्र प्राप्त हुने अनुमान गरेको छु ।

५३. मानिसको आफ्नो व्यक्तित्वको विकासको लागि मनोरञ्जनको पनि आवश्यकता छ भन्ने कुरा मैले पनि महसूस गरेको छु । तर मानिसको व्यक्तित्वको विकासको साथसाथै देशको विकास पनि हुँदै जाओस् भन्ने दृष्टिले आगामी वर्षदेखि लागू हुने गरी मनोरञ्जन कर निम्नबमोजिमको दरमा लगाएको छु । तर नेपाली भाषा, कला र संस्कृतिको विकासको निम्ति नाफाको उद्देश्यले देखाइने भए पनि नाटक सांस्कृतिक कार्यक्रमहरू आदि र नेपाली भाषामा निर्मित चलचित्र प्रदर्शनमा भने मनोरञ्जन कर आधा माफी दिने व्यवस्था गरेको छु ।

| | करको दर |
|---|---|
| -।५० पैसासम्मको प्रवेशशुल्कमा | ५० प्रतिशत |
| -।५१ पैसादेखि रू. १।- सम्मको प्रवेशशुल्कमा | ७५ प्रतिशत |
| रू. १।०१ देखि रू. १।५० सम्मको " | १२५ प्रतिशत |
| रू. १।५१ देखि रू. २।-- सम्मको " | २५० प्रतिशत |
| रू. २।०१ देखि माथिको " | ३०० प्रतिशत |

यस परिवर्तनबाट थप राजस्व रू. १५ लाख प्राप्त हुनेछ ।

302

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५४. चालू आर्थिक वर्षमा वाणिज्य बैंकहरूबाट दिइने कर्जामा कर्जाकर लगाइएको माननीय सदस्यहरूलाई विदितै छ। यस कर्जाकरको असूली गर्दा हरेक कर्जामा कर्जाकर दिनगन्ति हिसाबले असूल गर्नुपर्ने भई वाणिज्य बैंकहरूको प्रशासकीय खर्च बढ्न गएको देखिएकोले त्यसको सट्टामा बैङ्कहरूको प्रशासकीय बोझ पनि घट्ने र कर्जालिनेहरूलाई पनि थप बोझ नपर्ने गरी सरलीकरण गर्ने दृष्टिकोणले आगामी वर्षदेखि बैंकहरूले ऋणबाट आर्जन गरेको कुल ब्याजमा ७.५ प्रतिशत कर लगाई उठाउने व्यवस्था गरेको छ। यसबाट थप रू. १ करोड ४० लाख प्राप्त हुने अनुमान छ।

५५. आर्थिक वर्ष २०२४।२५ देखि मालपोतमा कुनै परिवर्तन गरिएको छैन। त्यस वर्ष मालपोतबाट मात्र जम्मा रू. ८ करोड ३३ लाख प्राप्त भएको थियो। जबकि कूल राजस्व रू. ३२ करोड ६० लाख मात्र थियो। यस प्रकार कूल राजस्वमा मालपोतको योगदान २५.५५ प्रतिशत थियो। आगामी वर्ष देशमा राजस्व लगभग रू. २०० करोड हुँदैछ। यसरी जबकि अरू जम्मै क्षेत्र-हरूबाट करको भार बढ्दो रूपले वहन गरी रहेकाछन् भने कृषि क्षेत्रले वहन गरेको करको भार यथावत राखी छोड्नु सामाजिक न्यायको दृष्टिकोणले पनि सुहाउँदैन। २०२४।२५ को स्थिर मूल्य-मा हिसाब गर्ने हो भने मालपोतको करको भार झण्डै १४७ प्रतिशत कम भइसकेको छ। यस हिसाबले मालपोतको करको बोझ यथावत राख्न समदरमा सबै मालपोत दर वृद्धि गर्नुपर्ने स्थिति पनि नदेखिने होइन। तर हाम्रा अधिकांश कृषकहरू आफ्नो स्वामित्वमा रहेको जग्गाबाट जीवनसम्म धान्न सक्ने अवस्थामा भएको हुँदा २०२४।२५ को स्थिर मूल्यको हिसाबले हुने करको भारलाई आधार बनाई मालपोतको दरमा वृद्धि गर्नु उचित देखिन्न। यिनै तथ्यलाई ध्यानमा राखी १ विगहा वा सो सरहसम्म जग्गा हुने जग्गावालालाई हालको मालपोत करको आधा मालपोत मिन्हा दिने गरेको व्यवस्था आगामी वर्ष पनि कायमै राखेको छु। यस्तै जीवन धान्नको लागि पूनर्वास कार्यक्रम अनुसार ३ विगहासम्म आवश्यक पर्छ भन्ने हिसाब गरिएकोले ३ विगहा वा सो सरहसम्म जग्गा हुने जग्गावालाहरूलाई पनि मालपोतको दर यथावत कायम राखेको छु। तर ३ विगहाभन्दा बढी १० विगहासम्म हुने जग्गाधनीहरूलाई हाल लागी आएको मालपोतमा लगभग ४० प्रतिशत र १० विगहाभन्दा बढी जग्गा हुने जग्गावालाहरूलाई लगभग ६० प्रतिशतले मालपोत वृद्धि गरी अनुसूचीबमोजिम आगामी वर्ष असूल गरिनेछ। यसबाट रू. ३ करोड थप राजस्व प्राप्त हुने अनुमान छ। आर्थिक वर्ष २०३५।३६ को माघ मसान्तसम्म २०३५ सालको मालपोत तिर्ने जग्गावालाहरूलाई लाग्ने मालपोतमा ५ प्रतिशत मिन्हा दिने व्यवस्था कायम नै राखेको छु।

५६. यसप्रकार करप्रस्तावहरूबाट जम्मा रू. १० करोड ५२ लाख प्राप्त हुने अनुमान गरेको छु। अरू करहरू यथावत कायम नै राखेको छु।

५७. मैले माथि उल्लेख गरेको न्यून रू. ३० करोड ६१ लाख ४२ हजारमा थप करप्रस्ताव-बाट रू. १० करोड ५२ लाख प्राप्त हुने भई बाँकी न्यूनमध्ये रू. २० करोड आन्तरिक ऋणबाट र बाँकी नगद मौज्दातबाट बेहोरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## ५

५८. मैले भर्खरै प्रस्तुत गरेको आर्थिक नीति, राजस्व नीति तथा लगानी नीति विद्यमान समस्याहरू समाधान गर्दै दृढतापूर्वक विकासको गतिलाई अगाडि बढाउने लक्ष्यबाट प्रेरित छ । राष्ट्रिय विकासको हाम्रा आकांक्षाहरूअनुरूप साधन परिचालन गर्न निम्नस्तरका आय भएका बहुसंख्यक जनतालाई करको भार नपर्ने व्यवस्था गरिएको छ भने दैनिक आवश्यकताका उपभोग्य वस्तुहरूको मूल्यमा कुनै चाप नपर्ने र निर्यातलाई प्रोत्साहन दिने करव्यवस्था गरिएको छ। लगानी-तर्फ खर्चको बाँडफाँडमा उत्पादनशील क्षेत्रमा बढी जोड दिइएको छ र जनकल्याणको अभिवृद्धि गर्ने हाम्रो लक्ष्य अनुकूल ग्रामीण स्तरमा सामाजिक सेवा विस्तार गर्ने क्रमलाई जारी राख्ने लक्ष्य छ । व्यापारतर्फको असन्तुलन हटाउन श्री ५ को सरकारले अनुकूल एवं सामयिक वित्तीय, मौद्रिक र व्यापार नीति अपनाएर नयाँ परिपाटी कायम गरिएको छ ।

५९. श्री ५ महाराजाधिराज सरकारबाट यस वर्ष हामी नेपालीहरूलाई नयाँ वर्षको सन्देश बक्सँदा हुकुम भएको छ "आज देशमा विद्यमान हाम्रो पछौटेपनका जति समस्याहरू छन् उत्तिकै नेपालले विकासको बाटोमा अघि लम्किने सम्भावना र उपायहरू पनि अवश्य छन् ।" विकासको आजसम्मको अनुभव र भविष्यको लागि हामीले रेखाङ्कन गरेका बाटोलाई हेर्दा हाम्रो विकासको ढाँचाले नयाँ प्रारूप लिन लागेको पाउँदछौं । एकातिर राष्ट्रिय स्तरमा आयोजनाहरू श्री ५ को सरकारले सञ्चालन गरेर विकासको आधारभूत जग खडा गर्दैछ भने अर्कोतर्फ स्थानीय स्रोत परिचालन र जनसहभागितामा आधारित ग्रामीण विकासको लागि देशव्यापी उत्साह र लहर फैलिंदैछ। यस प्रक्रियाद्वारा साधनको परिचालन र स्थानीय तहको लगानीमा व्यापक राजनैतिक दृष्टिकोण राखेर ग्रामीण विकास नै वास्तविक विकास हो र देश निर्माणको दरिलो आधार हो भन्ने धारणा प्रस्तुत बजेटले अङ्गालेको छ ।

६०. विकासोन्मुख देशहरूको आर्थिक पछौटेपन र सामाजिक असमानताका समस्याहरू यति जटिल छन् कि कतिपय यस्ता देशहरूले उल्लेखनीय दरमा राष्ट्रिय आय वृद्धि गर्न सफलता देखिए तापनि त्यहाँका बहुसंख्यक जनताको गरीबी यथावत रहेको अनुभव सर्वत्र पाइन्छ । आज तेस्रो विश्वका राजनीतिज्ञ र समाजशास्त्रीहरू विकासको नयाँ मार्ग दर्शनको खोजीमा बाध्य भएर लागेका छन् । वास्तवमा आज प्रत्येक विकासोन्मुख देशले आफ्नो र अरू अनुभवको आधारमा विकासको लक्ष्य प्राप्ति केवल प्राविधिक, आर्थिक र प्रशासनिक प्रक्रियाबाट मात्र प्राप्त हुन सक्दैन र यसमा राजनैतिक प्रक्रियाको प्राधान्यता रहनै पर्दछ भन्ने विश्वासलाई अङ्गालेका छन् । विगत वर्षहरूको प्रयासहरूबाट हामीले धेरै क्षेत्रमा हासिल गर्न सकेको प्रगतिको बावजूद पनि बहुसंख्यक

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जनताको जीवनस्तरमा उल्लेखनीय सुधार हुन नसकेको र राष्ट्रिय आयमा समेत ठोस वृद्धि हुन नसकेको वास्तविकताले हाम्रो भविष्यको विकासको बाटोलाई पनि औंल्याउँदछ ।

६१. तेस्रो विश्वको कतिपय देशहरूको दाँजोमा हामी आफूलाई भाग्यशाली अवस्थामा पनि पाउँदछौं । बहुसंख्यक जनताको न्यूनतम आवश्यकताहरू पूर्ति गर्न मद्दत गर्ने सार्वजनिक लगानीको ढाँचा र त्यसको कार्यान्वयनको लागि आवश्यक संस्थागत परिपाटीको खोजी जुन आज अरू मुलुकमा हुँदैछ त्यसको सृजना हाम्रो अधिराज्यमा १८ वर्ष अघि पञ्चायती व्यवस्थाको प्रादुर्भावबाट भइसकेको छ । वर्ग समन्वयको आधारमा जनकल्याणको अभिवृद्धि र शोषणरहित समाजको सृजना गर्ने हाम्रो व्यवस्था र संविधानको जुन आग्रह छ त्यसले विकासको यिनै समस्याहरू र मूलभूत आवश्यकताहरूलाई औल्याउँदछ । विकेन्द्रीकरणको सिद्धान्त अनुरूप पञ्चायतको प्रत्येक तहमा स्थानीय स्तरमा अपार जनशक्ति र अरू साधनको परिचालनद्वारा विकासको क्रमलाई मजबूत गर्दै लैजाने लक्ष्य पञ्चायती व्यवस्थाको एक प्रमुख पक्ष रही आएको छ ।

६२. श्री ५ वीरेन्द्रको राज्यारोहणपछि देशविकासतर्फको सोचाइले महत्त्वपूर्ण मोड लिएको हामी पाउँदछौं । शुरूमा क्षेत्रविभाजन र संविधानको दोस्रो संशोधनपछि विकासको क्रममा स्थानीय पञ्चायतको बढ्दो भूमिकाले आज राष्ट्रलाई यो बाटोमा अगाडि बढाएको छ । मौसूफको मार्गदर्शनको यो अनुकरणबाट स्थानीय तहमा विकासको व्यापक लहर चलेर जनसाधारणको न्यूनतम आवश्यकता पूर्ति गर्ने कार्यमा र राष्ट्रिय स्तरमा श्री ५ को सरकारले विकासको आधार-शिलाको विस्तार गर्दै लैजाने प्रयासलाई प्रस्तुत बजेटले अर्को महत्वपूर्ण कदमको रूपमा पेश गरिएको छ । यो दृष्टिकोणले आगामी वर्ष मात्र होइन भविष्यको विकासको प्रक्रिया पनि निर्दिष्ट गर्नेछ भन्ने कुरा स्वतः सिद्ध छ । यसैको सही कार्यान्वयनको गहन जिम्मेवारी हामी सबै पञ्चहरूको काँधमा छ ।

मुद्रण

३०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## खर्च व्यहोर्ने स्रोतहरूको संक्षिप्त विवरण

रू. हजारमा

| २०३३।३४ को यथार्थ | खर्च | २०३४।३५ को संशोधित अनुमान | २०३५।३६ को अनुमान |
|---|---|---|---|
| २,३३,०४,०८ | कुल खर्च | २,८५,०८,२५ | ३,७५,२८,२४ |
| ८३,२१,०३ | साधारणतर्फ | ९१,८६,५० | १,१०,४९,६२ |
| १,४९,८३,०५ | विकासतर्फ | १,९३,२१,७५ | २,६४,७८,६२ |
| | खर्च व्यहोर्ने स्रोतहरू | | |
| १,३२,२९,१६ | राजस्वबाट | १,५८,०५,६१ | २,०२,५५,५७ |
| | आयको वर्तमान स्रोतबाट | | १,९२,०३,५७ |
| | करप्रस्तावबाट | | १०,५२,०० |
| ३९,२६,१० | विदेशी सहायता | ४८,४८,५२ | ७१,८५,८५ |
| ३४,४९,०८ | द्वि पक्षीय | ४१,७१,९५ | ५६,१७,८४ |
| ४,७७,०२ | बहु पक्षीय | ६,७६,५७ | १५,६८,०१ |
| −६१,४८,८२ | बचत (+) वा न्यून (−) | −७८,५४,१२ | −१,००,८६,८२ |
| | न्यून पूर्तिगर्ने स्रोतहरू | | |
| १६,४३,२० | विदेशी ऋण | ४७,८५,७५ | ८०,४७,४० |
| २,६०,१५ | द्वि पक्षीय | १५,००,७५ | १२,२७,७९ |
| १३,८३,०५ | बहु पक्षीय | ३२,८५,०० | ६८,१९,६१ |
| ३०,००,०० | आन्तरिक ऋण | २४,००,०० | २०,००,०० |
| १५,०५,६२ | नगद मौज्दात (बचत−) | ६,६८,३७ | ३९,४२ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# राजस्व अनुमान
## २०३५।३६

रू. हजारमा

| संकेत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | करपरिवर्तन बाट | जम्मा |
|---|---|---|---|---|---|
| | | कुल जम्मा | १,९२,०३,५७ | १०,५२,०० | २,०२,५५,५७ |
| १.१.१.० | भन्सार महसूल | | ६२,३६,४७ | २,५०,०० | ६४,८६,४७ |
| १.१.१.१ | | समुद्रपारका देशहरूबाट हुने पैठारीमा | ३३,६१,३२ | २,२०,०० | ३५,८१,३२ |
| १.१.१.२ | | समुद्रपारका देशहरूमा हुने निकासीमा | १,७१,४३ | — | १,७१,४३ |
| १.१.१.३ | | भारतबाट हुने पैठारीमा | २०,४०,०० | ३०,०० | २०,७०,०० |
| १.१.१.४ | | भारतमा हुने निकासीमा | ३,२८,७२ | — | ३,२८,७२ |
| १.१.१.५ | | भारतीय अन्त:शुल्क फिर्ता | ३,२८,०० | — | ३,२८,०० |
| १.१.१.६ | | भन्सारको अन्य आय | १०,०० | — | १०,०० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उप-भोगमा लाग्ने कर | | ५८,६८,०० | ३,१२,०० | ६१,८०,०० |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्त:शुल्क | १७,३५,०० | २,९७,०० | २०,३२,०० |
| १.१.२.२ | | मद्‌भट्टी ठेक्का रकम | २,३२,०० | — | २,३२,०० |
| १.१.२.३ | | बिक्री कर | ३३,४६,०० | — | ३३,४६,०० |
| १.१.२.४ | | मनोरञ्जन कर | ८४,०० | १५,०० | ९९,०० |
| १.१.२.५ | | सवारी कर | १,६२,०० | — | १,६२,०० |
| १.१.२.६ | | होटेल कर | १,१४,०० | — | १,१४,०० |
| १.१.२.७ | | हवाई उडान कर | ८५,०० | — | ८५,०० |
| १.१.२.८ | | ठेक्का कर | १,१०,०० | — | १,१०,०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | १६,१७,०० | ३,००,०० | १९,१७,०० |
| १.१.३.१ | | माल र कोष तथा तहसिल कार्यालयबाट उठाइने मालपोत | १०,००,०० | ३,००,०० | १३,००,०० |
| १.१.३.२ | | पञ्चायतमार्फत उठाइने मालपोत | ५०,०० | — | ५०,०० |
| १.१.३.३ | | घरजग्गा रजिष्ट्रेशन दस्तूर | ५,६७,०० | — | ५,६७,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू. हजारमा

| संकेत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | करपरिवर्तन बाट | जम्मा |
|---|---|---|---|---|---|
| १.१.४.० | आय,नाफा र सम्पत्ति कर | | १९,३१,०० | १,९०,०० | २१,२१,०० |
| १.१.४.१ | | आयकर–सरकारी क्षेत्र | ३,३७,०० | — | ३,३७,०० |
| १.१.४.२ | | आयकर–अर्धसरकारी क्षेत्र | १,८५,०० | — | १,८५,०० |
| १.१.४.३ | | आयकर–सार्वजनिक क्षेत्र | ५५,०० | — | ५५,०० |
| १.१.४.४ | | आय कर–निजी क्षेत्र | १०,८३,०० | ५०,०० | ११,३३,०० |
| १.१.४.५ | | आय कर–पारिश्रमिक | ४०,०० | — | ४०,०० |
| १.१.४.६ | | घरबहाल कर | २५,०० | — | २५,०० |
| १.१.४.७ | | शहरी क्षेत्र घरजग्गा कर | ७५,०० | — | ७५,०० |
| १.१.४.८ | | सवारी साधन कर | २०,०० | — | २०,०० |
| १.१.४.९ | | कर्जाकर | ६६,०० | १,४०,०० | २,०६,०० |
| १.१.४.९(क) | | ब्याजकर | ४५,०० | — | ४५,०० |
| १.१.५.० | दस्तूर,दण्ड जरीवाना र जफत | | २,०७,४६ | — | २,०७,४६ |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तूर | ६,५० | — | ६,५० |
| १.१.५.२ | | एजेन्सी रजिष्ट्रेशन दस्तूर | १६ | — | १६ |
| १.१.५.३ | | बन्दूक,पिस्तोल रजिष्ट्रेशन दस्तूर | ३,३० | — | ३,३० |
| १.१.५.४ | | सवारी इजाजत दस्तूर | ५,५० | — | ५,५० |
| १.१.५.५ | | न्यायिक शुल्क,दण्ड जरीवाना तथा जफत | १,१५,०० | — | १,१५,०० |
| १.१.५.६ | | प्रशासनिक दस्तूर दण्ड जरीवाना तथा जफत | ७७,०० | — | ७७,[illegible] |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आय | | १२,१५,०० | | १२,१५,०० |
| १.१.६.१ | | पिउने पानी महसूल | ३,०० | — | ३,०० |
| १.१.६.२ | | पानीपोत | ५५,०० | — | ५५,०० |
| १.१.६.३ | | विद्युत् महसूल | २५,०० | — | २५,०० |
| १.१.६.४ | | हुलाक सेवा | १,४०,०० | — | १,४०,०० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | १५,०० | — | १५,०० |
| १.१.६.६ | | शिक्षाक्षेत्रको आय | १५,०० | — | १५,०० |
| १.१.६.७ | | वनक्षेत्रको आय | ६,००,०० | — | ६,००,०० |
| १.१.६.८ | | यातायातक्षेत्रको आय | ६२,०० | — | ६२,०० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | ३,००,०० | — | ३,००,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू. हजारमा

| संकेत संख्या | शीर्ष | उप-शीर्षक | वर्तमान स्रोतबाट | करपरिवर्तन बाट | जम्मा |
|---|---|---|---|---|---|
| १.१.७.० | लाभाँश | | ७,७२,०० | – | ७,७२,०० |
| १.१.७.१ | | वित्तीय संस्था | ६,९२,०० | – | ६,९२,०० |
| १.१.७.२ | | व्यापारिक संस्था | २०,०० | – | २०,०० |
| १.१.७.३ | | औद्योगिक संस्था | ३०,०० | – | ३०,०० |
| १.१.७.४ | | सेवामूलक संस्था | २०,०० | – | २०,०० |
| १.१.७.५ | | अन्य संस्था | १०,०० | – | १०,०० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री | | १,८६,५० | – | १,८६,५० |
| १.१.८.१ | | खानी रोयल्टी | १,०० | – | १,०० |
| १.१.८.२ | | विद्युत् रोयल्टी | १,४७,०० | – | १,४७,०० |
| १.१.८.३ | | अन्य रोयल्टी | २६,०० | – | २६,०० |
| १.१.८.४ | | सरकारी घरजग्गा बिक्री | – | – | – |
| १.१.८.५ | | मेशीनरी सामान बिक्री | १०,५० | – | १०,५० |
| १.१.८.६ | | अन्य बिक्री | २,०० | – | २,०० |
| १.१.८.० | (क) टकमरी तथा टक्सारको अन्य आय | | ३,५७,०० | – | ३,५७,०० |
| १.१.८.७ | | टकमरी | ३,५०,०० | – | ३,५०,०० |
| १.१.८.८ | | टक्सारको अन्य आय | ७,०० | – | ७,०० |
| १.१.९.० | सांवा र ब्याज | | ५,६२,६४ | – | ५,६२,६४ |
| १.१.९.१ | | सांवा–कम्पनी र संस्थानहरूबाट | २,३३,७२ | – | २,३३,७२ |
| १.१.९.२ | | ब्याज कम्पनी र संस्थानहरूबाट | २,६१,९२ | – | २,६१,९२ |
| १.१.९.३ | | अन्य सांवा र ब्याज | ६७,०० | – | ६७,०० |
| १.१.९.० | (क) दातव्य तथा उपहार र विविध आय | | २,४७,५० | – | २,४७,५० |
| १.१.९.४ | | दातव्य र उपहार | १२,५० | – | १२,५० |
| १.१.९.५ | | विविध आय | २,३५,०० | – | २,३५,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आर्थिक वर्ष २०३४।३५ को संशोधित अनुमान

( राजस्व )

रू. हजारमा

| संकेत संख्या | शीर्षक | उप-शीर्षक | जम्मा |
|---|---|---|---|
| | | कुल जम्मा | १,५८,०५,६१ |
| १.१.१.० | भन्सार महसूल | | ४६,०६,१५ |
| १.१.१.१ | | समुद्रपारका देशहरूबाट हुने पैठारीमा | २१,२६,०० |
| १.१.१.२ | | समुद्रपारका देशहरूमा हुने निकासीमा | २,००,०० |
| १.१.१.३ | | भारतबाट हुने पैठारीमा | १२,०६,०० |
| १.१.१.४ | | भारतमा हुने निकासीमा | १,६४,०० |
| १.१.१.५ | | भारतीय अन्तःशुल्क फिर्ता | ६,००,०० |
| १.१.१.६ | | भन्सारको अन्य आय | १०,१५ |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर | | ४८,००,६० |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तःशुल्क | १३,५०,०० |
| १.१.२.२ | | मद्भट्टी ठेक्का रकम | २,५०,०० |
| १.१.२.३ | | बिक्री कर | २७,००,०० |
| १.१.२.४ | | मनोरञ्जन कर | ८०,६[illegible] |
| १.१.२.५ | | सवारी कर | १,५४,०० |
| १.१.२.६ | | होटेल कर | ६५,०० |
| १.१.२.७ | | हवाई उडान कर | ७१,०० |
| १.१.२.८ | | ठेक्का कर | १,००,०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | १४,३५,०० |
| १.१.३.१ | | माल र कोष तथा तहसिल कार्यालयबाट उठाइने मालपोत | ६,००,०० |
| १.१.३.२ | | पञ्चायतमार्फत उठाइने मालपोत | १०,०० |
| १.१.३.३ | | घरजग्गा रजिष्ट्रेशन दस्तूर | ५,२५,०० |

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू. हजारमा

| संकेत संख्या | शीर्षक | उप-शीर्षक | जम्मा |
|---|---|---|---|
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | १५,६३,५० |
| १.१.४.१ | | आयकर–सरकारी क्षेत्र | ३,१६,८५ |
| १.१.४.२ | | आयकर–अर्ध सरकारी क्षेत्र | १,०३,९९ |
| [illegible].४.३ | | आयकर–सार्वजनिक क्षेत्र | ६५,०६ |
| १.१.४.४ | | आयकर–निजी क्षेत्र | ८,७३,९८ |
| १.१.४.५ | | आयकर–पारिश्रमिक | ४०,१२ |
| १.१.४.६ | | घरबहाल कर | २१,५० |
| १.१.४.७ | | शहरी क्षेत्र घरजग्गा कर | ५०,०० |
| १.१.४.८ | | सवारी साधन कर | २०,०० |
| १.१.४.९ | | ब्याजकर | ५२,०० |
| १.१.४.९ (क) | | कर्जाकर | २०,०० |
| १.१.५.० | दस्तूर, दण्ड जरीवाना र जफत | | १,९९,६५ |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तूर | ६,०० |
| १.१.५.२ | | एजेन्सी रजिष्ट्रेशन दस्तूर | १५ |
| १.१.५.३ | | बन्दूक, पिस्तोल रजिष्ट्रेशन दस्तूर | ३,२५ |
| १.१.५.४ | | सवारी इजाजत दस्तूर | ५,२५ |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरीवाना तथा जफत | १,१०,०० |
| [illegible].५.६ | | प्रशासनिक दस्तूर, दण्ड जरीवाना तथा जफत | ७५,०० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तु–हरूको बिक्रीबाट प्राप्त आय | | १४,४०,४० |
| १.१.६.१ | | पिउने पानी महसूल | ३,०० |
| १.१.६.२ | | पानी पोत | ५०,०० |
| १.१.६.३ | | विद्युत् महसूल | ९५,०० |
| १.१.६.४ | | हुलाक सेवा | १,३५,४० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | १५,०० |
| १.१.६.६ | | शिक्षाक्षेत्रको आय | १५,०० |
| १.१.६.७ | | वनक्षेत्रको आय | ६,००,०० |
| १.१.६.८ | | यातायातक्षेत्रको आय | ५२,०० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | ४,७५,०० |

399

मुद्रण विभाग, ...

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू. हज़ारमा

| संकेत संख्या | शीर्षक | उप-शीर्षक | जम्मा |
|---|---|---|---|
| १.१.७.० | लाभाँश | | ७,४६,५२ |
| १.१.७.१ | | वित्तीय संस्था | ६,९४,९६ |
| १.१.७.२ | | व्यापारिक संस्था | २१,५६ |
| १.१.७.३ | | औद्योगिक संस्था | १५,[illegible] |
| १.१.७.४ | | सेवामूलक संस्था | ५,०० |
| १.१.७.५ | | अन्य संस्था | १०,०० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री | | १,७८,०० |
| १.१.८.१ | | खानी रोयल्टी | १,०० |
| १.१.८.२ | | विद्युत् रोयल्टी | १,४०,०० |
| १.१.८.३ | | अन्य रोयल्टी | २५,०० |
| १.१.८.४ | | सरकारी घरजग्गा बिक्री | — |
| १.१.८.५ | | मेशीनरी सामान बिक्री | १०,०० |
| १.१.८.६ | | अन्य बिक्री | २,०० |
| १.१.८.० | (क) टकमरी तथा टक्सारको अन्य आय | | ३,५१,८३ |
| १.१.८.७ | | टकमरी | ३,४४[illegible] |
| १.१.८.८ | | टक्सारको अन्य आय | ७,०० |
| १.१.९.० | सांवा र ब्याज | | ३,०१,४६ |
| १.१.९.१ | | सांवा—कम्पनी र संस्थानहरूबाट | १,८८,४२ |
| १.१.९.२ | | ब्याज—कम्पनी र संस्थानहरूबाट | ९८,०४ |
| १.१.९.३ | | अन्य सांवा र ब्याज | १५,०० |
| १.१.९.० | (क) दातव्य तथा उपहार र विविध आय | | १,८२,५० |
| १.१.९.४ | | दातव्य र उपहार | १२,५० |
| १.१.९.५ | | विविध आय | १,७०,०० |

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आर्थिक वर्ष २०३३।३४ को यथार्थ
### (राजस्व)

रु. हजारमा

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | २०३३।३४ को यथार्थ |
|---|---|---|---|
| | | कुल जम्मा | १,३२,२९,१६ |
| १ | भन्सार | | ३८,६१,९३ |
| | | (क) निकासीबाट | ४,७६,२० |
| | | (ख) पैठारीबाट | २१,५७,०४ |
| | | (ग) भारतबाट अन्तःशुल्क फिर्ता | ११,७४,०० |
| | | (घ) विविध | ५४,६९ |
| २ | अन्तःशुल्क | | १६,६०,७४ |
| | | (क) ठेक्का रकम | ३,००,१८ |
| | | (ख) औद्योगिक उत्पादन | १३.११,१२ |
| | | (ग) विविध | ४९,४४ |
| ३ | मालपोत | | ९,७९,३५ |
| | | (क) रैकर | ९,७९,३५ |
| ४ | वन | | ४,३७,४० |
| | | (क) लकडी बिक्री | ३,९७,५८ |
| | | (ख) शिकार तथा रोयल्टी | १,३८ |
| | | (ग) विविध | ३८,४४ |
| ५ | कर | | ४०,७१,७२ |
| | | (क) आयकर | १३,३३,०० |
| | | (ख) मनोरञ्जन कर | ८६,७९ |
| | | (ग) शहरी क्षेत्रको घरजग्गा | ४१;२४ |
| | | (घ) सवारी कर | १,४५,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | २०३३।३४ को यथार्थ |
|---|---|---|---|
| | | (ङ) हवाई उडान कर | ४७,७९ |
| | | (च) होटेल कर | ४८,३८ |
| | | (छ) ठेक्का कर | १,१८,१३ |
| | | (ज) बिक्री कर | २२,१९,८३ |
| | | (झ) मोटर कर | ११,८[illegible] |
| | | (ञ) घरबहाल कर | १९,७० |
| ६ | रजिष्ट्रेशन | | ४,४४,४८ |
| | | (क) घरजग्गा | ४,२६,८४ |
| | | (ख) फाराम रजिष्ट्रेशन | ३,९९ |
| | | (ग) एजेन्सी रजिष्ट्रेशन | ६ |
| | | (घ) बन्दूक पिस्तोल रजिष्ट्रेशन | १,७५ |
| | | (ङ) सवारी | ११,८४ |
| ७ | सिंचाइ पानी | | ८,८४ |
| | | (क) पानीपोत | ६,१० |
| | | (ख) धारा महसूल | २,७४ |
| ८ | सञ्चार | | १,४२,७५ |
| | | (क) हुलाक | १,४२,७५ |
| ९ | यातायात | | ८२,३९ |
| | | (क) हवाई | ६३,७२ |
| | | (ख) विविध | १८,६७ |
| १० | विद्युत् | | १,६८,६९ |
| | | (क) रोयल्टी | १,०१,३८ |
| | | (ख) अन्य | ६७,३१ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | २०३३।३४ को यथार्थ |
|---|---|---|---|
| ११ | सांवा ब्याज तथा लाभाँश | | ९,७९,३६ |
| | | (क) कम्पनी कर्पोरेशनलाई दिएको ऋणको ब्याज | ८४,६५ |
| | | (ख) सरकारी कर्मचारीलाई दिएको ऋणको ब्याज | ५,९१ |
| | | (ग) शेयर लगानी | ६,८१,८६ |
| | | (घ) कम्पनी कर्पोरेशनलाई गएको ऋण फिर्ता | १,८९,२५ |
| | | (ङ) सरकारी कर्मचारीलाई गएको ऋण फिर्ता | १७,९९ |
| १२ | निजामती प्रशासन | | २,७२,९२ |
| | | (क) न्याय | ५५,०८ |
| | | (ख) शिक्षा | १५,९४ |
| | | (ग) स्वास्थ्य | १३,०३ |
| | | (घ) पशु तथा मत्स्य पालन | २७,५२ |
| | | (ङ) सूचना तथा प्रसार | ८,२३ |
| | | (च) विविध | १,५३,१२ |
| १३ | विविध | | १,१८,५९ |
| | | (क) पासपोर्ट र भिसा | ४२,२१ |
| | | (ख) अभियान रोयल्टी | २६,७६ |
| | | (ग) अरू फुटकर | ४९,६२ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## व्यय अनुमान
## (साधारण बजेट)

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३३।३४ को यथार्थ | २०३४।३५ को संशोधित अनुमान | २०३५।३६ को अनुमान |
|---|---|---|---|---|---|
| १ | १–१ | श्री ५ महाराजाधिराज | | | |
| संवैधानिक | | तथा राजपरिवार | ७८,०० | ७८,६० | ७६,३[illegible] |
| अङ्गहरू | १–२ | राजसभा | ३,९३ | ४,५५ | ५,१३ |
| | १–३ | राष्ट्रिय पञ्चायत | ३२,६९ | ३९,५० | ४०,७२ |
| | १–४ | महालेखापरीक्षकको विभाग | २२,४२ | २४,५० | २५,३६ |
| | १–५ | सर्वोच्च अदालत | १०,३१ | १२,१० | १२,३२ |
| | १–६ | लोकसेवा आयोग | २९,८५ | २५,३० | ३३,३३ |
| | १–७ | निर्वाचन आयोग | २४,७० | २४,१० | ३०,११ |
| | १–८ | गाउँफर्क राष्ट्रिय अभियान | ६१,२५ | ९३,०० | १,१८,८८ |
| | १–९ | अख्तियार दुरुपयोग निवारण आयोग | – | – | ८,३४ |
| २ | २–१ | मन्त्रिपरिषद् | १८,२० | २४,५० | २८,४१ |
| साधारण | २–२ | श्री ५ को सरकारको | | | |
| प्रशासन | | सचिवालय | १,५९,२१ | १,८५,८० | २,१४,५० |
| | २–३ | जिल्ला प्रशासन | १,८०,१४ | २,४१,०० | २,५६,७७ |
| | २–४ | प्रहरी | ७,०६,९५ | ८,०२,०० | ८,६३,३६ |
| | २–५ | कारागार | ८९,५९ | १,०१,५० | १,०५,८५ |
| | २–६ | विविध | ८५,१० | ६५,०० | ९८,९३ |
| | २–७ | प्रशासन सुधार | १७,०० | १८,०० | २१,०० |
| ३ | ३–१ | मालपोत | ९२,५४ | १,११,०० | १,२९,८[illegible] |
| राजस्व प्रशासन | ३–२ | भन्सार | ६६,४८ | ७५,७० | ८५,९५ |
| | ३–३ | अन्त:शुल्क | ३६,३२ | ४१,५० | ४८,८१ |
| | ३–४ | कर | ३६,२३ | ४४,५० | ४९,७४ |
| | ३–५ | राजस्व न्यायाधिकरण | १,२० | १,४५ | १,४९ |
| ४ | ४–१ | योजना | ६,५८ | ६,७० | ७,१३ |
| आर्थिक प्रशासन | ४–२ | तथ्याङ्क | १५,९८ | १७,५० | १०,१८ |
| र योजना | ४–३ | टक्सार | ८३,८५ | १,४३,९० | १,६८,७१ |
| | ४–४ | महालेखानियन्त्रकको कार्यालय | २८,८३ | ३३,०० | ३७,०२ |
| | ४–५ | मेट्रिक नापतौल | ९,१८ | ११,५० | ११,६३ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३३।३४ को यथार्थ | २०३४।३५ को संशोधित अनुमान | २०३५।३६को अनुमान |
|---|---|---|---|---|---|
| ५ | ५–१ | अदालत | १,१७,०४ | १,३७,०० | १,५२,८० |
| न्याय प्रशासन | ५–२ | महान्यायाधिवक्ताको कार्यालय | ४,३५ | ४,९० | ५,४४ |
| ६ | ६–१ | वैदेशिक सेवा | २,००,८७ | २,३३,०० | ३,७२,२६ |
| वैदेशिक सेवा | ६–२ | विविध | ४९,८५ | ५५,०० | ५९,४१ |
| ७ | ७–१ | रक्षा | १६,२२,५३ | १७,२२,०० | १५,७३,१५ |
| रक्षा | ७–२ | विविध | — | — | ३,७४,२७ |
| ८ | ८–१ | शिक्षा | ६,७९,३८ | ७,३५,०० | ८,३५,८२ |
| सामाजिक | ८–२ | स्वास्थ्य | ३,२४,७७ | ४,७२,०० | ५,४३,८६ |
| सेवाहरू | ८–३ | पिउने पानी | ११,०७ | १३,३० | २३,२१ |
| | ८–४ | पञ्चायत | १,६०,७२ | १,९१,०० | २,१६,८८ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | १,६६,५५ | १,९६,०० | २,०२,१५ |
| ९ | ९–१ | कृषि | ६१,५९ | ७९,३० | ८०,४० |
| आर्थिक | ९–२ | सिंचाइ | २२,०६ | ४८,५० | ४६,१८ |
| सेवाहरू | ९–३ | भूमिसुधार | १,१२,९२ | १,३५,५० | १,३५,१९ |
| | ९–४ | नापी | २४,२० | ३०,०० | ३५,५२ |
| | ९–५ | वन | ८७,६७ | ४१,०० | ४२,९० |
| | ९–६ | उद्योग तथा खानी | २४,०४ | २५,०० | २७,९७ |
| | ९–७ | सञ्चार | २,५१,३६ | २,९०,०० | ३,०६,६२ |
| | ९–८ | यातायात | २,३२,७९ | २,९९,०० | ३,४२,३८ |
| | ९–९ | विद्युत् | ८२,४१ | ७१,०० | ३५,७६ |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | ११,३८ | १०,८० | ११,९१ |
| १० ऋण तथा लगानी | १०–१ | ऋण र लगानी | ८७,९० | ९०,०० | ५२,८१ |
| ११ साँवा र ब्याज | ११–१ | साँवा भुक्तानी | ३,९२,३० | ४,४७,२० | ६,५९,९४ |
| भुक्तानी | ११–२ | ब्याज भुक्तानी | ५,६३,४४ | ७,८३,६० | ११,६३,५२ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३३।३४ को यथार्थ | २०३४।३५ को संशोधित अनुमान | २०३५।३६ को अनुमान |
|---|---|---|---|---|---|
| १२ विविध | १२–१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ५९,६४ | ६८,०० | १,००,०० |
| | १२–२ | निवृत्तभरण, भत्ता तथा उपदान | १,३७,९७ | १,४६,०० | १,६१,०० |
| | १२–३ | अतिथि सत्कार | १,६२ | ४,०० | ४,०० |
| | १२–४ | आकस्मिक सहायता चन्दा र पुरस्कार | – | ५० | १,०० |
| | १२–५ | मुआब्जा | १०,९६ | ६,०० | १०,०० |
| | १२–६ | अन्य | ५,५८,४३ | ४,८०,०० | ४,८०,४० |
| | १२–७ | भैपरिआउने | ३,६४,६९ | १,४५,७० | ५,००,०० |
| | | | ८३,२१,०३ | ९१,८६,५० | १,१०,४९,६२ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यय अनुमान

(विकासबजेट)

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३३।३४को यथार्थ | २०३४।३५को संशोधित अनुमान | २०३५।३६ को अनुमान |
|---|---|---|---|---|---|
| २ | २–७ | प्रशासन सुधार | ३०,७३ | ५,१८ | ११,६२ |
| साधारण प्रशासन | | | | | |
| ४ | ४–१ | योजना | ११,२४ | २०,७३ | ३४,१५ |
| आर्थिक प्रशासन र योजना | ४–२ | तथ्यङ्क | २४,७६ | १०,३३ | ११,२६ |
| ८ | ८–१ | शिक्षा | १८,५६,४८ | १९,४५,३८ | २३,९१,२३ |
| सामाजिक | ८–२ | स्वास्थ्य | ९,२६,४१ | १०,२२,६३ | १२,३९,४९ |
| सेवाहरू | ८–३ | पिउने पानी | ६,१२,४९ | ७,०३,०० | ८,५१,१९ |
| | ८–४ | पञ्चायत | ५,५४,५४ | ८,७५,०८ | १२,१६,४० |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | २,५०,४६ | २,४०,८३ | ३,८७,४४ |
| ९ | ९–१ | कृषि | १८,१८,६७ | १६,९९,८४ | २९,०१,९७ |
| आर्थिक सेवाहरू | ९–२ | सिंचाइ | १२,७३,९१ | १६,२०,८२ | ३१,४८,६६ |
| | ९–३ | भूमिसुधार | १,१०,९३ | १, १६,५६ | १,१२,७४ |
| | ९–४ | नापी | २,०३,८९ | ३,१२,६८ | ३,२४,४७ |
| | ९–५ | वन | ४,४७,७५ | ५,५२,८४ | १०,३६,९८ |
| | ९–६ | उद्योग तथा खानी | १४,९३,६१ | १०,४५,९४ | १९,२९,७५ |
| | ९–७ | सञ्चार | १,२८,६४ | १,१२,७७ | ४,४५,६८ |
| | | (क) हुलाक | (९,७७) | (१२,७७) | (२२,२८) |
| | | (ख) दूर सञ्चार | (१,१८,८७) | (१,००,००) | (४,२३,४०) |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३३।३४को यथार्थ | २०३४।३५ को संशोधित अनुमान | २०३५।३६ को अनुमान |
|---|---|---|---|---|---|
| | ९–८ | यातायात | ४२,३०,३६ | ५२,५३,५१ | ६३,७७,३८ |
| | | (क) सडकहरू | (३६,५७,७६) | (४७,०५,०९) | (५२,६८,५०) |
| | | (ख) पूलहरू | (२,७८,५८) | (१,४५,२१) | (२,८४,३९) |
| | | (ग) हवाई | (२,९४,०२) | (४,०३,२१) | (८,२४,४९,[illegible]) |
| | ९–९ | विद्युत् | ४,८७,५७ | ३२,९३,०५ | ३३,१८,७८ |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | १,३९,४३ | १,४३,९० | २,८९,४३ |
| १२ विविध | १२–६ | अन्य | २,९४,१८ | २,३३,९७ | ३,५०,०० |
| | १२–७ | भैपरिआउने | ८७,०० | १,१२,७१ | १,००,०० |
| | | | १,४९,८३,०५ | १,९३,२१,७५ | २,६४,७८,६२ |

आज्ञाले–

डा. देवेन्द्रराज पाण्डे

श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।